# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १७ असार २०८१

# सोमबार

# बैठक सङ्ख्या- २०

राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ। यस अन्तर्गत आज वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँछु।

(१३:२० बजे)माननीय किरण बाबु श्रेष्ठ(नेपाली काँग्रेस)ः-सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, सबभन्दा पहिला अब देशभर मनसुनको राम्रो प्रारम्भ हुँदैछ सक्रिय हुँदैछ। मनसुनले नदी किनारका बस्तीहरू तराईतिर बाढीको डुबानको समस्या र पहाडतिर पहिरोको समस्या, हरेक वर्ष जस्तै यो वर्ष पनि यो समस्या विकराल हुने सम्भावना छ । त्यसतर्फ सरकारको ध्यान पुगेको देखिदनँ, यसमा सरकारले पूर्व तयारी गरोस् भने म अनुरोध गर्न चाहन्छु। यसैगरी मैले यो खर्च कटौतीको प्रस्ताव एउटा प्रतिपक्षको भूमिका निर्वाह गर्ने सिलसिलामा संसदीय अभ्यास र संसदीय परम्परा, एक रुपैयाँ कायम गरियोस् भनेर यो सम्बन्धित

अहिले प्रस्तुत ०८१/०८२ को बजेटमाथि असहमति प्रकट गर्ने सिलसिलामा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भन्ने प्रस्ताव मैले पेश गरेको छु। यो ३०७११ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत नीतिगत असहमतिको बेहोरा ३०७११३ चालु खर्चमा पदाधिकारी तथा अन्य भत्ता एउटै प्रयोजनको लागि विभिन्न शीर्षकहरूमा रकम विनियोजन गर्नु उपयुक्त हुँदैन। जस्तै उल्लेखित चालु खर्च शीर्षकको उपशीर्षकहरू २१४१-१४२-१४९ अन्तर्गत क्रमशः पदाधिकारी, बैठक भत्ता, पदाधिकारी तथा अन्य सुविधा, पदाधिकारी अन्य भत्ता जस्ता तिन, तिनवटा शीर्षकहरू किन यसबाट खर्च दोहोरो, तेहेरोपन हुने, अपारदर्शिता, फजुल खर्च बढ्ने स्पष्ट देखिन्छ। अब ७९/८० मा यस शीर्षकमा रकम थिएन। शून्य रकम थियो। त्यसैकारण ०८०/०८१ र ०८१/०८२ मा एक एक लाख बढेको थियो। त्यसकारण मेरो प्रस्ताव यो एक रुपैयाँ घटाइयोस् भन्ने जुन प्रस्ताव प्रस्तुत गरेको छु, यो सम्पूर्ण बजेटप्रति एउटा प्रतिपक्षको हैसियतले, प्रतिपक्षको सांसदको हैसियतले हाम्रो संसदीय अभ्यास, संसदीय नियमावली अनुसार मैले एक रुपैयाँ घटाइयोस् भन्ने प्रस्ताव माननीय अध्यक्षज्यूमार्फत अनुरोध गर्न चाहन्छु।

अब हुन त यो प्रतिनिधिसभाबाट ८१/८२ को बजेट पारित भइसकेको छ। हाम्रो त्यहाँ अभ्यास, पारित भइसकेपछि राष्ट्रिय सभामा छलफलको लागि सुझावसहित प्रस्तुत गर्नको लागि प्राप्त भएको छ। यसै सन्दर्भमा यो बजेटमाथि प्रतिपक्षहरूले उठाएका आवाजहरू, सल्लाहहरू, सुझावहरू कत्तिको सुनिन्छ, कत्तिको मनन गरिन्छ र त्यसलाई कत्तिको संशोधन गरिन्छ भन्ने कुरा विगतदेखि नै हामीले भोग्दै आएको छौं, देख्दै आएको छौं। संसदमा संसद प्रतिपक्षको, सरकार सत्तापक्षको तर प्रतिपक्षले जुन किसिमको भूमिका हामीले निर्वाह गरिरहेको छ एउटा जिम्मेवार हिसाबले प्रतिपक्षको रूपबाट हामीले भूमिका निर्वाह गरेको कुरोलाई सरकारको तर्फबाट जुन किसिमबाट गम्भीरता लिनुपर्ने हो त्यो लिएको देखिँदैन। संसदमा हामीले बेलायती संसदको अभ्यास गर्ने क्रममा बेलायतमा भनिन्छ, प्रधानमन्त्रीले आफ्नो श्रीमतीको बरु त्यति ख्याल राख्दैन, प्रतिपक्षको त्योभन्दा बढी ख्याल राख्छ। तर हामी यहाँ सरकार पनि सत्तापक्षको, संसद पनि प्रतिपक्षको जस्तो व्यवहारहरू हामीले देखिरहेका छौं।

विगतको हाम्रै अभ्यासमा कुरा गर्ने हो भने २०१५ सालमा नेपाली कांग्रेसको सरकार थियो। त्यतिबेला दुई तिहाइको सरकार हुँदा प्रतिपक्षमा गोर्खा परिषद् प्रतिपक्षमा रहेको थियो। गोर्खा परिषद्को अत्यन्त न्यून उपस्थिति भएको हुनाले नेपाली कांग्रेसमा समाहित हुन तत्कालीन भरत शमशेर संसदीय दलको नेता समाहित भएर प्रतिपक्षमा नरहन खोज्दाखेरि बीपीले भन्नुभएको हामी सुन्थ्यौं कि होइन तपाईं प्रतिपक्षमै बस्नुस्। प्रतिपक्षमा चाहिने जे सुविधा, आवश्यकता र

त्यो बरु हामी उपलब्ध गराउँछौं किनभने संसदमा प्रतिपक्ष भएन भने हामी निरङ्कुश हुन्छौं। तपाईंहरूले सही आवाज, विरोधको आवाज उठाइदिनु भयो भने बल्ल हामी चाहिँ यसमा सतर्क, सजग हुने मौका पाउँछौं। त्यसैले यो प्रतिपक्षको भूमिका निर्वाह गर्न संसदमा एउटा सशक्त प्रतिपक्ष, जिम्मेवार प्रतिपक्षको आभास हुनको लागि आवश्यकता पर्छ भन्ने कुरो विगतदेखि नै हामीले यसमा अनुरोध गर्दै पनि आएका हौं।

अब जहाँसम्म ०८१/०८२ को बजेटको विनियोजनको सन्दर्भ छ। यो विनियोजन गरेको बजेट अर्थमन्त्रीले जुन प्रस्तुत गर्नुभयो, यो वास्तवमा आर्थिक अनुशासन अनुसार भएको पाइँदैन, राष्ट्रिय प्राथमिकतालाई महत्त्व दिएको पनि पाइँदैन, र संघीयताको मर्म विपरीत पनि छ। मन्त्रीहरूले आ-आफ्नै क्षेत्र र संसदीय हाम्रा माननीय सदस्यहरूले पनि शक्तिशाली छ, जो टाठोबाठो छ उनीहरू आफ्नै क्षेत्रमा मात्रै बजेटहरू लैजान लागेको चाहिँ हामी यो विनियोजन बजेटको शीर्षकहरू हेर्दा देख्दछौं, आफ्नै क्षेत्र, आफ्नै जिल्ला, शक्ति र पहुँचको आधारमा बजेटहरू विनियोजन भएको देखिन्छ। यो भनाइ केवल हामी प्रतिपक्षमा बस्नेको मात्रै होइन। मैले बजेटको सन्दर्भमा पहिले पनि भनेको थिएँ। सत्तापक्षकै घटकहरू, माननीय सदस्यहरू, सत्तापक्षमै बस्ने माननीय सदस्यज्यूहरूले पनि बारम्बार उठाउनुभएको छ, विरोध गर्नुभएको छ, आलोचना गर्नुभएको छ। हुन त २०४७ सालको संविधानमा एमालेले आलोचनात्मक समर्थन भन्या जस्तै अहिलेको बजेट पनि एमालेलगायत अरू चाहिँ प्रतिपक्ष सत्तापक्षकै साथीहरूले, सत्तापक्षकै पार्टीहरूले सायद आलोचनात्मक समर्थन गर्नुभएको होला। ताली ठोकेर यसलाई चाहिँ उहाँहरूले पारित गरिसक्नुभयो। अब यो कतिको भोलिको रूपमा कार्यान्वयन पक्षमा जाने नजाने अर्को पक्ष रहला। अब त्यस्तै यो अर्थतन्त्रको मन्दीको कारणले मुलुकको वैदेशिक व्यापारमा जुन असन्तुलन देखिएको छ, झन्डै आधा व्यापार ३.६६%ले चालु आ. व. मा गिरावट आएको छ । यसलाई अगाडि बढाउने किसिमको कुनै प्रयत्न भएको छैन। बजेट विनियोजनमा उद्योग वाणिज्य मन्त्रालय अन्तर्गत देखिँदैन। त्यस्तै गतवर्ष जस्तै continue गरेका कार्यक्रमहरू हिजो के कारणले continue गरे त्यसका प्रतिफल के भयो? उपलब्धि के भयो? त्यसतर्फ ध्यान दिइँदैन तर निरन्तर रूपमा कार्यक्रम राखिएको छ।

Water from the Himalaya लाई branding गरेर विदेशमा यो लैजाने, निर्यात गर्ने कार्यक्रम विगत वर्षमा थियो। अहिले पनि त्यसलाई निरन्तरता दिएको छ। त्यस्तै मेक इन नेपाल र मेड इन नेपाल अभियानलाई निरन्तरता दिने कुराहरू समेटिएको छ तर कार्यान्वयन पक्षमा चाहिँ गर्नुपर्छ जस्तै जाने कुनै अवस्था देखिँदैन। त्यस्तै यो हाम्रो सुख्खा बन्दरगाहको रूपमा चोभारमा डेढ अरब खर्च गरेर बनाइएको छ। त्यो चोभारको सुख्खा बन्दरगाहको अहिले सम्म पूर्णरूपमा

चालु अवस्थामा छैन। त्यसलाई चालु अवस्था लैजाने किसिमको प्रयत्न पनि भएको देखिँदैन। सरकारको पैसा नेपाल सरकारबाट पनि त्यो खर्च गरेर बनाइएको छ। त्यहाँ अहिलेसम्म कुनै पनि किसिमको खाली आंशिक रूपमा केही कन्टेनरहरू गएको र निर्यात गर्नको लागि त्यो बन्दरगाहका प्रयोगमा आएको देखिँदैन र त्यहाँ पनि अहिले खर्चहरू, बजेटहरू चाहिँ विनियोजन गरिएको छ। यस्ता कुराहरूमा सरकारको ध्यान गएको म देख्दिनँ। त्यसले निर्यात, वास्तवमा उद्योग र व्यापार भनेको सरकारको अर्थतन्त्रको मेरुदण्ड हो। त्यसमध्ये पनि सबभन्दा महत्त्वपूर्ण मुलुकमा निर्यात गरेर जुन किसिमको वैदेशिक मुद्रा ल्याउनुपर्ने हाम्रो चाहिँ विदेश वैदेशिक व्यापारबाट त्यसतर्फ यो एन टी आइ एस, नेपाल व्यापार एकीकृत रणनीति भन्ने कार्यक्रम ल्याएको छ, त्यो कार्यक्रममा विभिन्न वस्तुहरू त्यो छुट्याइएको छ । त्यो वस्तुहरूको तर्फ पनि यसले खास भूमिका अगाडि लैजाने कुरो, भूमिका निर्वाह गरेको म देख्दिनँ। त्यसैले यो बजेटमा पूर्ण रूपमा मेरो असहमति छ ।

अब त्यस्तै यो आज आठवटा मन्त्रालयहरूको बजेट विनियोजनमा हामीले छलफल गर्ने कुरा छ। त्यो आठ ओटा अनि १२ मिनेटमा कति छलफल गरौंला, कति आफ्नो सुझावहरू दिन सकिन्छ, त्यो आफ्नो ठाउँमा छ। तर मैले विशेष गरेर उद्योग वाणिज्य सन्दर्भमा मैले दिनुपर्ने हुनाले त्यसतर्फ मैले आफ्नो ध्यान केन्द्रित गरेको छु। अरू मन्त्रालयहरू सहरी विकास मन्त्रालय, भौतिक योजना मन्त्रालयको कुरा गर्ने हो भने त छरपष्ट छ, त्यहाँको बजेट विनियोजन गर्दा कनिका छरेजस्तो ५ लाख, १० लाख, २० लाख, ५० लाख सरकारले आफैंले बनाएको नीति ३ करोड भन्दा मुनि चाहिँ हामी संघीयताको संघको केन्द्रबाट भनेको बजेटको त्यसको उल्लङ्घन गरेर सानातिना योजना जो हाम्रो स्थानीय तहले पनि राख्न सक्ने बजेटहरू पनि केन्द्रले राखेको छ। यस किसिमबाट यो बजेटको कुनै पनि अनुशासन आर्थिक अनुशासनलाई पालना गरेको म देख्दिनँ।

त्यस्तै कृषिमा आधारित उद्योग भएका कुराहरू जुन छन्, त्यसमा हामीले ध्यान दिएको देख्दिनँ। पर्यटन उद्योग, सबभन्दा महत्त्वपूर्ण उद्योग पर्यटन उद्योग त्यसतर्फ पनि विशेष गरेर त्यो आजको छलफलमा छैन तैपनि म बजेटमा उल्लेख भएको देखिएन। त्यसैले आज हामी चार सालमा स्वतन्त्र भएको भारत महाशक्ति राष्ट्रको दाँजोमा उभिइसक्यो। ६ सालमा युद्धले ध्वस्त भएको कोरिया आज दोस्रो जापान बनिरहेको छ। नेपाल ७ सालमा स्वतन्त्र र प्रजातन्त्र आएको देश नेपाल आज पनि हामी त्यही दक्षिण कोरिया जाने लाइन लागेर हाम्रा युवाहरू बस्छन्। जापान जान लालयित हुन्छन्। भारतको कुरै छोडौं।

त्यसकारण यो हुनुको पछाडि हाम्रा उद्योग व्यापार बेरोजगारी समस्याहरू छन्, यो समस्याहरूलाई अगाडि बढाउनको लागि कुनै पनि प्रयत्नहरू भएको यो बजेटमा म देख्दिनँ। त्यसैले यो बजेज प्रति मेरो पूर्ण असहमति छ र भोलि आज नेपाली जनता कसैले पनि त्यागिएको र त्याजिएको महसुस गर्न नपरोस् भन्ने तर्फ हामीले ध्यान दिनुपर्छ, दिएको छैन। त्यसैले इच्छा छ इच्छाशक्ति छैन। जनशक्ति छ, जनपरिचालन छैन। योजना छ, कार्यान्वयन छैन। यस्तो किसिमको कार्यान्वयन नहुने योजनाहरू जुन ढङ्गबाट प्रस्तुत भएको छ। त्योप्रति अब हाम्रो अहिले देश विकास हुने भोलिको लागि यो मुलुकको सुशासन कायम हुने जीवन, जनताको जीवनस्तर उठ्ने कुनै पनि सम्भावना देख्दिनँ। यति भन्दै मेरो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।जय नेपाल ।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य उर्मिला अर्याल । २० मिनेट। यसपछि माननीय सदस्य देवेन्द्र दाहाल।

(१३:३२ बजे)**माननीय श्री उर्मीला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)**:-सम्माननीय अध्यक्ष महोदय, यो विनियोजन विधेयकको करिब एक, दुई, तिन, चार पाँच, छ, सात, आठवटा मन्त्रालयको आज छलफल छ। अब सबैलाई कति समेट्न सकिन्छ त्यो त भन्न सकिएन तर अधिकतमलाई समेट्ने प्रयत्न गरेको छु। म अहिले विशेषगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सम्बन्धमा ज्येष्ठ नागरिक संरक्षण शाखाको वृद्धाश्रम छ भन्ने कुरो छ। तर अब अपाङ्गमैत्री मन्त्रालय, यसमा ५० लाख मात्र बजेट गरिएको छ। खगेन्द्र नवजीवन केन्द्रलाई रु. १३८ लाख मात्रै त्यसको फेरि बेहाल भएको सुनेको छु। बाल सुधार गृहहरू, व्यवस्थापनको चाहिँ अलि व्यवस्थित अझै राम्रो आएन जस्तो लाग्छ, अनि बालबालिकालाई शिक्षा, परामर्श, रचनात्मक कार्य आदि इत्यादिको लागि लोन गरी अगाडि बढाउने कार्यक्रम ल्याउन आवश्यक देखिन्छ। बालसुधार गृहको व्यवस्थापन, मनोसामाजिक परामर्श, पारिवारिक वातावरण सिर्जनाको प्रयासको थालनी चाहिँ गर्नु आवश्यक देख्छु।

महिला उत्थान कार्यक्रम खर्च भयो तर कार्यक्रमिक पहुँच नरहेको पालिकाहरूसँगको समन्वय हुन सकेको छैन र त्यसलाई चाहिं फेरि पुनः स्थापित गरेर जानुपर्छ । बाल मन्दिरको जग्गाको खोजी हुनुपर्यो, बालमन्दिर ध्वस्त भएको छ, त्यसको चाहिँ फेरि त्यो जग्गा त्यसका चाहिँ सम्पत्ति सबै खोजेर फेरि त्यसलाई व्यवस्थित गर्ने गरेर जानुपर्ने देखिन्छ। सडक बालबालिकाको मैले नीतिगत कुराहरू मात्रै राखे किनभने बजेटको शीर्षक यो सबै भनेर साध्य नभएको हुनाले केही सुझावहरू राख्न चाहेको छु। त्यसकारण सडक बालबालिकाको उपयुक्त पुनर्स्थापनालाई फेरि नयाँ सिराले चाहिँ जानुपर्ने, म बालबालिका सेवा जुन १०४ टोल फ्री टेलिफोन नम्बर, म आफैं मन्त्री भएको बेलामा त्यो मैले कार्यान्वयन गराएको र तुरुन्तै १० दिनभित्र त्यो सबै

कार्यालय नै स्थापना गरिएको थियो। त्यहाँ अहिले अलि बेथिति भइरहेको अवस्था छ। त्यसकारण चाहिँ बालबालिकाको पुनर्स्थापना भन्ने कुरो त्यसरी हराएका बच्चाहरू अनाथ बच्चाहरूलाई पालिका स्तरमै, उनीहरूकै पालिकाहरूको स्तरमा चाहिँ गर्न पाए भने अझ व्यवस्थित हुन्छ। अब अलिकति हामी संघीयतामा गइसकेको अवस्था भएको हुनाले र परिवारमा पुनर्स्थापनाको लागि फेरि व्यवस्थापन छैन। हैन त्यसकारण कति चाहिँ परिवारै छोडेर हिँडेका बालबालिकालाई पनि पुनर्स्थापन गर्नुपर्ने देखिन्छ।

अब प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रमको लागि १० करोड बजेट छुट्याएको छ। त्यसको कार्यक्रमिक approach कस्तो हुने? प्रष्टतासाथ आउन एउटा चाहिँ व्याख्यात्मक हिसाबले त्यसको तरिकाको आउन जरुरी देख्छु। समाज कल्याण केन्द्र, वृद्धाश्रम परिवार र वडापालिकामै व्यवस्थापन गर्ने चिजहरूलाई चाहिँ अब यहाँ ल्याएर सेन्ट्रलाइज गरेर सबैसँग छुट्टै भए जस्तो भन्दाखेरि आफ्नै गाउँ ठाउँमै पालिकाहरूसँग जोडेर लानुपर्ने र जब हामी संघीयतामा गइसकेपछि त्यसको मर्मअनुसार चाहिँ कार्यक्रमहरूलाई संघीयतासँगै जोडेर लिएर जानुपर्ने चाहिँ आवश्यकता देखेको छु।

क्षमता अभिवृद्धिमा, बौद्धिक अपाङ्गता अहिले नयाँ समस्या आइराखेको छ। अटिजमको लागि अहिले २० करोड छुट्याएको रहेछ तर निजीस्तरमा अहिले अटिजमका बिरामीहरू परिवारबाट चाहिँ यति लुट छ कि ८० हजार, ७० हजार महिनाको चाहिँ खर्च गर्नुपर्ने अवस्था देखिन्छ र एकदम कङ्गाल हुने अवस्था छ। त्यो अवस्थामा सरकारले अझै यसलाई अलि व्यवस्थित गरेर यो अटिजमको चाहिँ नि अहिले नयाँ चाहिँ एउटा धेरैमा तथ्याङ्क, हामीले सङ्ख्या थुप्रै घरहरूमा अटिजम भएको बच्चाहरू छन्, त्यसलाई चाहिँ व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

त्यस्तै अब म वातावरण मन्त्रालयको सम्बन्धमा चाहिँ केही राख्न चाहन्छु। कार्वन व्यापार कार्यक्रमलाई चाहिँ निरन्तरता दिने वास्तवमा हामीले यसलाई चाहिँ अलि हाम्रो देशबाट धेरै गर्न सक्ने वन अतिक्रमण नियन्त्रण, वृक्षारोपण कार्यक्रम संरक्षण यो भइरहन्छ तर वनको अतिक्रमण अलि धेरै नै भएको छ त्यसले चाहिँ हामीलाई अहिले धेरै यसका अब भूस्खलन हुने आदि इत्यादि मैले धेरै भन्नु पर्ने छैन, सबै जान्ने हुनुहुन्छ। अब यो जङ्गलमा रहेको सतिसाल, बहुमूल्य काठ चाहिने धेरै दोहन भएको, चोरी व्यापारी भएको र त्यसको चाहिँ संरक्षण गरेर, प्रवर्धन गर्नुपर्ने र त्यस्तो बहुमूल्य काठ छैन अहिले हामी, म त तराईको हो त्यो तराईको जङ्गलमा चारकोसे झाडीहरू थुप्रै पाइन्थ्यो। अहिले सतिसाल करिव करिव सिद्धिइसकेको अवस्थाहरू छ। अनि त्यस्तै नहर छेउमा थुप्रै वृक्षारोपण थियो। अनि के के आन्दोलन भयो, त्यो बेलामा रुख काटेर सबै सिद्ध्याइयो । अहिले त्यसले गर्दा अहिले, त्यसले गर्दा भूस्खलनको समस्याहरू भइराख्या छ। अब चुरे संरक्षणलाई प्रभावकारी तरिकाले व्यवस्थापन गर्ने काममा विशेष तदारुकता खासै देखिएको छैन। भाषणमा आएको छ तर हामीले यसलाई विशेष तदारुकता खासै देखिएको छैन। भाषणमा आएको छ तर हामीले यसलाई विशेष तदारुकतासहित

नत्र भने हामीले अहिले भोगिरहेको मधेशमा चाहिँ पानिको समस्याहरू, धाराहरू सुक्ने यी सम्पूर्ण समस्याहरू जुन छ। अनि जलवायु परिवर्तन र विपद् व्यवस्थापनको लागि हिमाल जोगाउने, मानवता बचाउने, जथाभावीको फडानीले मानव जीवन कष्टकर, पर्यावरणमा असर परेको छ। त्यसलाई अझै जोगाउने हिसाबले हामीले बजेटलाई अझ विशेष केन्द्रित गरेर लिएर जानुपर्छ।

बजेटमा म समर्थन गर्छु। यसले धेरै चिजलाई समेटेको पनि छ तथापि यसलाई अझै बढी हामीले व्यावहारिक र प्रभावकारी बनाउने हिसाबले संघ प्रदेश र स्थानीयलाई ससर्त अनुदानहरूको प्रावधानको आपसी समन्वय साझेदारी उपयुक्त नियमनको अभाव कार्यान्वयनको पक्षमा कमजोरी देखिएको छ। त्यसकारण तीनै तहको सरकारमा यो समन्वय हुनुपर्ने, वन जङ्गलको अवस्था कमजोर हुँदै गएको र त्यसले गर्दाखेरि निम्त्याउने भूस्खलन, पहिरो, बाढी नियन्त्रणको लागि चाहिँ अब प्रदेश र पालिकास्तरीय समन्वयकारी भूमिकाहरू निर्वाह गरी केन्द्रबाट नै त्यस खालको नीति कार्यक्रम लिएर आएर अझै यसलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धमा नीतिगत हिसाबले हाम्रा उत्पादनहरू, हामीसँग व्यापारिक सम्बन्धमा रहेको व्यापार प्रवर्धनको आधारमा नै उद्योगहरूको सफलता र उत्पादनको स्केल निर्भर हुने गर्दछ। तसर्थ निर्वाध, उत्पादन र व्यापार प्रवर्धनको लागि व्यापार गर्ने देशहरूको गुणस्तर अर्ग्यानिक वस्तुहरूको उत्पादन त्यसमा चाहिँ मूल्य पनि अलि राम्रो आउने र यस सम्बन्धमा चाहिँ छलफल र समझदारी पहिले निर्धारण भएको सम्बन्ध निर्वाध व्यापारमा item producer agreement र accreditation मान्यता सम्बन्धमा पूरै समझदारी र अनि कुन products हरू चाहिँ नि हामीहरूले चाहिँ अब प्राविधिक रूपले हैन र व्यवस्थापकीय हिसाबले चाहिँ बढी प्रभावकारी तरिकाले उत्पादन गर्न सक्छौं। त्यसमा चाहिँ हामीले ध्यान दिनुपर्ने W TO विश्व व्यापार सङ्ठन सँगको प्राविधिक र व्यवस्थापिकीय अथवा international trade regulatory जुन एउटा body छ, त्योसँग चाहिँ हामीले सामञ्जस्यता गर्दै item producer country हरू कुन कुन देशलाई समावेश गराउने विषयमा यी चिजहरू र प्रविधिमा अनि ज्ञानमा WTO सम्म प्रभाव पार्ने गरी त्यहाँसम्म हाम्रो पहुँचलाई राम्रो पुऱ्याउने गरेर हाम्रो अन्तर्राष्ट्रिय व्यापारलाई पनि अलि प्रवर्धन गर्ने गरी अब त्यसका प्रावधानहरूलाई चाहिँ हामीले अलिकति मनन गरेर त्यो किसिमले उत्पादन वृद्धि गर्ने, व्यापारमा चाहिँ हामीले सहयोग पुऱ्याउने भनिएको छ।

स्टार्टअप उद्योगहरूको लागि चाहिँ लघु उद्योगलाई प्रदेश र स्थानीय सरकारसँग टाइअप गरेर लाने हैन। त्यस्तै यो चाहिने अब हामीले माथिमात्रै हैन कतिपय चिजहरू, साना उद्योगहरू हामीले पारस्परिकस्तरमा अनि प्रदेशस्तरमा पनि हामीले त्यस्ता उद्योगहरूलाई चाहिँ सहुलियत दिँदै जान सकिन्छ। हामीसँग थुप्रै raw मेटेरियलहरू, उखु छ, के छ थुप्रै चिजहरू छ। इभन खाद्यान्नको चाहिँ उत्पादन हाम्रो छ तर त्यसको प्रशोधनको चाहिँ यो सबै बाहिरबाट ल्याउने गर्दागर्दै आफ्ना मिलहरूको पनि सबै अहिले गइसकेको अवस्था छ। र अलि यसले गर्दाखेरि

अहिले हाम्रो आफ्नै चाहिँ उत्पादनलाई चाहिँ जोड गर्ने, आफ्नै चाहिँ नि अब त्यो कमसेकम प्रोसेसिङ गर्ने हैन, धानलाई चामल बनाउने, अनि दलहनलाई फेरी दाल बनाएर निकाल्ने यो कामहरू पनि हामीबाट छुटिरहेको अवस्था छ। यसलाई चाहिँ अहिले अर्को घरेलु मदिराको branding गर्ने हैन अन्तराष्ट्रियस्तरमा ब्रान्डिङ गर्ने, मुख्य काम अनि प्रदेशस्तरीय उद्योग सञ्चालनमा जोड दिने र विशेषगरी हामी चिनी कारखानाहरू यता उता सरकारले पनि आफैं चिनी मिलहरू चलाउनु पर्यो के। हाम्रो चिनी मिलको जग्गा छ। हाम्रो चाहिँ कृषि औजार कारखाना छ। थुप्रै कपडा कारखाना छ। यो सबै चिज हामीले लथालिङ्ग छोड्यौं। कि त हामीले सरकार र हाम्रो चाहिँ नि प्राइभेट पार्टनरसिपमा पनि सञ्चालन गरौं न त अहिले पनि । त्यसरी जान सक्नुपर्ने यस्तो हुन्छ।

भूमि, व्यवस्था तथा सहकारी मन्त्रालयसँग यो सरकारी नियमन चुनौतीको रूपमा रहेको छ। गरिबहरूको पैसा दुःखी र सीमान्तकृत जनसमुदाय बैंकमा झन्झटिलो र थोरै कमाइ हुनेको लागि सहकारी सहज हुने तर सहकारी अवसरले पहुँचवालाले खडा गरेको सहकारीहरूमा ठुला अपचलन भएर निरीह जनता पीडित छन्। त्यस्ता निरीह पीडित र जो चाहिँ अशक्त गरिब हुन्छ त्यसैको पहुँच चाहिँ नि सहकारीमा हुन्छ र सहकारीमा भएको यो अपचलनहरूको नियन्त्रण राम्रोसँग नगर्ने हो भने खासगरी आधारभूत तहमा अब कहीं जागिर नभएका अन्य अब केरे एउटा संस्थागत स्रोत नभएको थोरै चाहिँ नि बचत गर्नेहरूको जुन बचत ठुलो-ठुलो जम्मा गरेर थुप्रै जुन अपचलन भएको छ त्यसले चाहिँ नि अत्यन्त पीडित छन्। र यसमा बढी चाहिँ नि बुढापाका, अनि ग्रामीण समुदाय, जागिर नभएकाहरू त्यस्ता चाहिँ बढी पीडित भएको हुनाले त्यसलाई चाहिँ अब नियमन गर्ने हिसाबले कडाइका साथ यसमा नियम यो साँच्चिकै प्रभावकारी बनाउने हो भने, त्यसैले अब कडा कानुनसमेत लिएर आउनुपर्ने हुन्छ।

मालपोत कार्यालयको अभिलेखलाई डिजिटलाइजेसनमा राख्ने, अहिले जाने हो पुरानो ढड्डाहरू जस्ता पाताहरू छन्, त्यो सबै नाम मेटिइसकेको कुनै कुनै कागजी प्वालै प्वाल परेको अझै पनि त्यसलाई डिजिटलाइजेसन गरेर लिएर जाने कुरो नहुँदाखेरि खासगरी गरिब निमुखाहरू जसको थोरै थोरै जग्गा जमिन हुन्छ त्यो त कसले लग्यो लग्यो थाहा पनि हुँदैन। त्यसकारणले चाहिँ यसलाई पालिका स्तरमै बढी ज्ञान हुनाले त्यो अभिलेखहरू पालिकास्तरबाटै खडा गर्दै अनि वडा स्तर, पालिकास्तरमा राखेर अनि बल्ल त्यसको ढड्डा चाहिने भए मालपोत कार्यालय जाओस् तर त्यसको बढी नियमन चाहिँ तलै रेकर्डहरू चाहिँ सबै तलैबाट भयो भने त्यसले चाहि अलिकति चिनेको पनि हुन्छ। गाउँघरमा भएपछि त्यो अलि बढी व्यवस्थित र नियमन हुनसक्ने सजिलो हुन्छ। र केही हराएको रहेछ भने हैन त्यो त फलानोको जग्गा हो भनेर भनिदिने मान्छे नि हुन्छ। त्यसमा जब वडा सरकार, पालिका सरकार र प्रदेश सरकार भइसक्यो भने कतिपय चिजहरूलाई प्रत्यायोजन गर्नुपर्‍यो अब हामीले, त्यसलाई कार्यान्वयनमा लिएर जानुपर्‍यो । .....
)समय सकिएको( ।

(१३:४३ बजे)<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्ष महोदय, आज हामी २०८१/०८२ को विनियोजन विधेयकको मन्त्रालयगत छलफलमा छौं। आजदेखि छलफल सुरु भएको छ र यही सदनमा अर्थात् हाम्रो संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभामा यो मलाई लाग्छ, यो चौथो चरणको छलफल हो। पहिलो छलफल बजेटका सिद्धान्त र प्राथमिकतामा गर्यौं। त्यसपछाडि सरकारको नीति तथा कार्यक्रम त्यसमा छलफल भयो राष्ट्रपतिजीले सम्माननीय राष्ट्रपतिज्यूले प्रस्तुत गर्नुभएको अनि विनियोजन विधेयकका सैद्धान्तिक पक्षको बारेमा पनि छलफल गर्यौं र आज हामी मन्त्रालयगत छलफलमा छौं।

र खासमा भन्ने हो भने यो छलफल भने पनि सांसदको मन्तव्य भने पनि, जे भनेपनि यो कार्यक्रम चाहिँ कस्तो भएको छ भने हामी प्रतिनिधिसभामा यसो हेर्छु हाम्रो त भर्खरमात्र सुरु भएको छ। यो चाहिँ मन्त्रीलाई आलोचना गर्ने कार्यक्रम जस्तो भएको छ। प्रधानमन्त्रीलाई, मन्त्रीलाई आलोचना गर्ने किनभने साधन र स्रोतहरू त सीमित छन्। जनताका मागहरू आकाङ्क्षाहरू धेरै छन्। र ती सबैलाई सम्बोधन गर्न सक्ने सम्भावना पनि छैन। त्यसले गर्दाखेरि आज म छलफलको क्रममा केही विषयहरू उठाउन लागिरहेको छु।

र मन्त्रालयगत रूपमा भन्नुपर्दाखेरि दुईटा विषयमा अलिकति मैले बुझ्न खोजेको छु। यो खेलकुद मन्त्रालय अन्तर्गतको एउटा विषय छ, त्यो भनेको मदन भण्डारी रङ्गशाला त्यो ठुलो आयोजना हो। त्यो दमकमा स्थापना अथवा त्यो बनाउने भनेर भनिएको थियो त्यसको सबै कुराहरू छुट्याइएको थियो। सबै रकमहरू छुट्याइ ओरी सबै ठेक्कासमेत लागिसकेको त्यो अहिले हराएको छ। त्यो हराएको कहाँ पुग्यो भनेर मैले खेलकुद मन्त्रीज्यूलाई सोध्न खोजेको छु। अर्को दमक औद्योगिक पार्क भनेर चिनियाँ लगानीमा दमक औद्योगिक पार्क बनाउने भनेर १२०० भन्दा बढी बिघा जग्गा सरकारले मुआब्जा दिएर सरकारको आफ्नो कम्पनीमा ल्याइसकेको अवस्था छ। त्यसको कहीं न कहीं उल्लेख हुनुपर्थ्यो कि मैले यो चारवटा छलफलको क्रममा कहीं पनि त्यो देखिनँ। त्यसले गर्दाखेरि मैले त्यो विषयमा अलिकति बुझ्न खोजेको छु। त्यसैले गर्दा म धेरै अन्तरवस्तुमा जान खोजिरहेको छैन, लागिरहेको छैन।

र स्वाभाविक रूपले एउटा सत्तापक्षको नेताको हैसियतबाट यो बजेटको समग्रमा म हृदयदेखि नै समर्थन गर्छु भनेर भन्दा पुग्छ होला भन्ने लाग्छ मलाई। त्यसपछाडि बजेट भनेको देशलाई कुन बाटोतर्फ अगाडि बढाउने हो भन्ने यस वर्षको समग्र योजना हो। यसले समाजवादको आधार तयार गर्ने, समाजवाद उन्मुख राज्य व्यवस्था स्थापना गर्ने भनेर हामीले भनेका छौं। हाम्रो संविधानमै हामीले उल्लेख गरेका छौं र अहिले जुन सत्ता सञ्चालन गरिरहेको, सरकार सञ्चालन गरिरहेको पार्टी वा दलको alliance छ। त्यो स्वाभाविक रूपले कि

समाजवादको आधार तयार गर्ने गरी लाग्ने उद्देश्य बोकेको अहिलेको शक्ति छ। त्यसले गर्दा त्यो समाजवादतर्फ उन्मुख गर्ने हुने कि अथवा पुँजीवादतर्फ? अब यसको छलफल चाहिँ कहाँनेर हुन्छ होला, यो सैद्धान्तिक सवालमा चाहिँ यो कुराहरू हो, हाम्रो उद्देश्य भनेर त्यो छलफल चाहिँ क-कसको बीचमा हुन्छ? कसरी हुन्छ होला? त्यो मैले समग्र बुझ्न खोजेको छु। मलाई लाग्छ, त्यसको जवाफ अनुत्तरित नै छ। कोही मन्त्रीज्यूले, प्रधानमन्त्रीज्यूले कसैले दिनुभयो भने हामीले यसरी छलफल गर्छौं यस बारेमा भनेर छलफल गरेका छौं र यो उद्देश्यसाथ यो लक्ष्यसाथ हामीले यो बजेट बनाएका छौं भनेर उहाँहरूले भन्न सक्नुहुन्छ अथवा भन्नुपर्छ जनतालाई भन्ने लाग्छ मलाई। यस उद्देश्यसाथ हामी अगाडि बढेका छौं भनेर त्यसले गर्दाखेरि यो सवालमा पनि जवाफ लगभग आइरहेको अवस्था छैन।

र अर्को कुरो के छ भने प्रश्न उठेको छ। बजेट आइसकेको छ कतिपय त लागू नै भइसकेको होला। सबै कुरा सकिइसकेको छ। विनियोजन भई मन्त्रालयगत विनियोजनका पुस्तक पनि आइसकेका छन्। यस्तो अवस्थामा छलफल त अर्थहीन भएन र यो प्रश्न पनि एकातिर उठेको छ। मैले एउटा मिडियामा सुनेको थिएँ। त्यहाँ सांसदहरूले हामीजस्ता सांसदहरूले बोलिराखेको त्यहाँ देखाइराखेको थियो अनि सबै पुस्तक किताबहरू सबै आइसकेको छ, विनियोजन पनि भइसकेको छ। अनि सांसदहरू चाहिँ रोष्टममा उभिएर, यो भएन, उ भएन भनेर भनिरहेका छन् भनेर एक किसिम सांसदलाई अथवा यो परिपाटीलाई खिल्ली उडाउने गरी एउटा मिडियामा मैले सुनेको थिएँ। त्यसले गर्दाखेरि यसको सैद्धान्तिक छलफलको क्रममा त अर्थमन्त्रीजीले जवाफ दिनुभएको छ। अब यो एक किसिमको यो अन्तर्राष्ट्रिय प्रचलन नै हो भनेर। तर मलाई के लाग्छ भने यसको समाधान पनि त हामीले खोज्नुपर्ला नि। यदि सांसदहरूको काम चाहिँ कानुन मात्रै बनाउने हो भने अर्थ विधेयक पनि त कानुन हो नि। भनेपछि कतिपयले भन्ने गरेका सांसदहरूको काम त कानुन बनाउने हो। कहाँ कति बजेट के आदि उदीमा धेरै समय खेर नफाल्नु राम्रो भनेर पनि भन्ने गरेका छन्।

तर सम्माननीय अध्यक्ष महोदय, त्यही सत्य हो भने त्यसो भए छलफल किन त्यो कोणबाट पनि त छलफल गर्न सकिन्छ। यदि त्यही सत्य हो भने यो विषय ल्याउँदै नल्याउनु छलफल यो संसदमा दुईटा संसदमा यो माथापच्ची गर्ने किन?। एउटा कानुन बनाइदेउ, त्यो कानुनले, सरकारले बजेट पास गर्छ, अर्थ मन्त्रालयले जारी गरिदिन्छ। सदनमै किन आउनुपर्यो, आएपनि त्यसलाई जारी गरिदिने मात्रै भनिदिने छलफलको क्रममा नलैजाने, त्यसो गर्दा हुँदैन र भन्ने मलाई लाग्छ।

सम्माननीय अध्यक्ष महोदय, हाम्रो देशको जनताको मनोविज्ञान के छ त? अलिकति यसमा छलफल गरौं। मनोविज्ञान के छ भने हामीलाई हाम्रो क्षेत्रमा निर्वाचित गरेर पठाएका सांसदले प्रशस्त बजेट दिनुपर्छ। विकासका योजनाहरू दिनुपर्छ भन्ने मनोविज्ञान छ। र धेरै सांसदहरूले त हामी त अब निर्वाचित जनप्रतिनिधि निर्वाचित भएका जनप्रतिनिधि हौं। तर प्रत्यक्ष निर्वाचन भएका निर्वाचन प्रणालीबाट आउनुभएका सांसदहरू जो हुनुहुन्छ प्रतिनिधि सभामा र उहाँहरूले त म यसरी राम्रो कानुन बनाउँछु भनेर कहीं पनि भाषण गर्नुहुन्छ जस्तो पनि मलाई लाग्दैन। राम्रो कानुन बनाउनका लागि म जान्छु, भोट दिनुस् भनेर कसैले पनि भन्छन् जस्तो लाग्दैन मलाई। किनभने जनताको मनो विज्ञान त्यस्तै छ। त्यो मनोविज्ञान अनुसार काम गर्ने हो। भनेपछि अर्को जनताको बुझाइ के छ भने बजेट परोस्, नपरोस्। सांसदले उभिएर हाम्रो योजनाको बारेमा, हाम्रो मागको बारेमा आवाज उठाइदिनुपर्छ जे भन्ने बोल्यो नि सांसदले । यस्तो खालको मनोविज्ञान छ। यसको लागि यो मनोविज्ञानलाई सम्बोधन गर्नका लागि विभिन्न अभ्यासहरू पनि भएका छन्।

र हाम्रै देश, छिमेकी देश भारतमा पनि कांग्रेस आएको पालामा सायद अहिले त के छ मलाई थाहा छैन तर मलाई थाहा थियो। १० करोड, २० करोड पैसा चाहिँ सांसदको मर्जीमा खर्च हुन सक्ने अथवा विकासका आयोजनाहरूमा लगाउन सक्ने गरी छुट्याएको मैले बुझेको थिएँ। अहिलेको यो बीजेपीको सरकार आईकन मलाई थाहा छैन भने हाम्रै देशमा पनि विभिन्न ढङ्गका अभ्यासहरू भए। कहिले सांसद विकास कोष भनियो। कहिले क्षेत्र विकास कोष भन्यो। अनेक भनियो र पछिल्लो कालमा गत वर्ष ५ करोडका दरले सांसदको क्षेत्रमा खर्च गर्ने गरी भनेर अन्तिम बुँदा अर्थमन्त्रीजीले पढ्नुभएको थियो, त्यसमा मुद्दा पर्यो। त्यो मुद्दा यो अदालतमा मुद्दा पर्यो। अनि अदालतले पनि के भन्दैन भने संसदको मामला हो भनेर निर्णय गर्दैन। त्यसले रोकिदियो। अनि यो सरकारले के गर्यो भने सांसदलाई छुट्याएको त्यो रकम चाहिँ हामी जाजरकोट भूकम्पमा लगाउँछु भनेर निर्णय गर्यो फेरि । संसदले निर्णय गरेको सरकारले त्यसरी त्यो कुराहरू निर्णय गर्न सक्छ फेरि उल्टाउन सक्छ? सक्दैन। तर के छ भने अदालतले पनि यो संसदको मामला हो भन्दैन । सरकारले त झन् एउटा स्टन्टवाजी गर्छ। किनभने जाजरकोट भूकम्पका जनताहरूलाई समस्या परेको थियो, त्यहाँ त सहयोग गर्नुपर्ने। त्यसो किन भयो सरकारले फलानो रकम, यो रकम किन भन्नुपर्थ्यो होला र भनेपछि यस्तो खालको कुराहरू छ।

त्यसले गर्दा सम्माननीय अध्यक्ष महोदय, यो एक प्रकारको यो सिस्टमको डेभलप नहुँदाखेरि यो समस्या आएको हो। त्यसले गर्दा केही हामीले मोडलको बारेमा पनि छलफल गरौं। सांसदहरूलाई बजेटमा छलफल, बजेटमा चाहिँ सङ्लग्न बजेट निर्माण प्रक्रियामा सङ्लग्न

गराउने कि नगराउने? धेरै पहिलेदेखि एउटा प्रचलन चलेर आएको छ, त्यो के हो त भन्दाखेरि योजनाहरू छनोट गर्दा तलबाट, वडाबाट नै छनोट गरेर आउनुपर्छ । योजनाहरूको बैंक बनाउनुपर्छ, योजनाहरूलाई प्राथमिकीकरण गर्नुपर्छ भनेर यस्तो अभ्यास गरियो। तर त्यो अभ्यास कस्तो गरियो भन्दाखेरि त्यो अभ्यास चाहिँ बजेटबिनाको गरियो, बजेट छुट्याएको छैन। बजेटबिनाका योजनाहरू बनाइयो। भनेपछि मेरो सुझाव के छ भने बजेट छुट्याउँ, बजेट भनेको निर्वाचन क्षेत्रस्तरका लागि छुट्याउने, समग्रमा राष्ट्रिय बजेट छुट्याउने, कति प्रतिशत बजेट छुट्याउने समग्रमा मेरो प्रस्ताव के छ भने १४ देखि १५ %बजेट छुट्याउनु पर्यो।

विकास बजेटको त्यसलाई १६५ वटा निर्वाचन क्षेत्रमा त्यो बजेटलाई आधार मानेर सांसद जो निर्वाचित सांसद हुन्छन्, निर्वाचित सांसदको अगुवाइमा छलफल चलाउने र बजेटहरूको चाहिँ अथवा योजनाहरूको चाहिँ बैंक तयार गर्ने, त्यसलाई प्राथमिकीकरण गर्ने, त्यो कुरा फागुनदेखि नै सुरु गर्ने। हुन त यो फागुनदेखि नै सुरु हुन्छ तर कहाँ छलफल हुन्छ? कसले छलफल गर्छ? थाहा छैन अनि लास्टमा के हुन्छ भन्दाखेरि अनि अनि गोजीका, मन्त्रीका गोजीबाट निकालेर list दिने यही सरकार निर्णय गर्छ। ३ करोडभन्दा तलका योजनाहरू प्रदेशमा पठाउने भन्छ र यही सरकार के गर्छ भने ५ लाख, दुई/तीन लाखका पनि होलान्, मैले हेरिरहेको थिएँ। कहीँ त ५० हजार पनि छन् भन्ने मैले सुन्या छु। केन्द्रीय बजेटमा त्यो रकम हालिरहेको हुन्छ। त्यसकारणले गर्दाखेरि सांसदहरूले सांसदहरूको नेतृत्वमा छलफल गर्नुपर्यो। फाल्गुनभर चैत्र १५ सम्म अथवा फाल्गुनभरमा त्यो छलफल समाप्त गर्नुपर्यो। र देशभरिका योजनाहरूको collection गर्नुपर्यो। र सन्तुलित विकासको धारणाअनुसार त्यो बजेट चाहिँ विनियोजन गर्नुपर्यो। सबै क्षेत्रमा पुगोस् त्यो।

अहिले यहाँ मन्त्रीहरूका क्षेत्रमा चाहिँ एकदमै बढी भयो भनेर पनि यहाँ ठुलो हल्ला आएको छ। जो भौतिक पूर्वाधार मन्त्री भयो, जो सहरी विकास मन्त्री भयो अथवा जो जो मन्त्रीहरूको भए उहाँहरूकै क्षेत्रमा चाहिँ केन्द्रित भएको छ बजेट भनेर पनि अनि ठुलठुला नेताहरूको क्षेत्रमा भनेर पनि आएको छ। म पनि एउटा ठुला नेताको क्षेत्रको मान्छे हुँ । तर यहाँहरूलाई म के जानकारी गराउँछु भने झापा जिल्लामा भएका योजनाहरू चाहिँ पुरानो, क्रमागत रूपले चल्दै आएको योजनाहरू त्यहाँ धेरै हल्ला गर्ने खालका छैन। अन्तको पनि के छ मलाई थाहा छैन।

तर समग्रमा मेरो कुरा के हो भने बजेट विनियोजन गर्दाखेरि यो केही न केही वैज्ञानिक विधि अपनाऔँ न त। सांसदहरूलाई सांसदहरूको काम चाहिँ कानुन बनाउने मात्रै हो भनेर मात्रै पनि भएन। त्यसले गर्दा एउटा निश्चित रकम विभाजन गर्ने र कानुनमा यो कानुनमा भन्दाखेरि

चाहिँ यो संविधानको धारा ११९ मा छ जस्तो लाग्छ मलाई । ११९ को उपधारा १ (ग) को व्यवस्था अनुसार संघीय विनियोजन ऐन बनाउने भन्या छ। त्यो संघीय विनियोजन ऐनमा नै संघीय कानुन निर्माण गर्नुपर्छ। किनभने यहाँ त अदालत, अदालतले पनि हस्तक्षेप गर्ने भो, कसैले पनि मुद्दा हाल्न सक्ने भो । त्यसकारणले गर्दा यस खालको तरिकाबाट यदि हामी गयौं भने हामीले यी चिजहरू हामीले छलफल गरेर चाहिँ अर्थहीन खालको छलफलको जुन गरिरहेका छौं। यस्तो खालको छलफलको पनि फेरि हुन आउँछ। त्यसकारण यसतर्फ लागौं भनेर अनुरोध गर्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य उदयबहादुर बोहरा समय १६ मिनेट। यसपछि माननीय सदस्य शेखर कुमार सिंह ।

(१३:५९ बजे)<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-सम्माननीय अध्यक्षज्यू, आज विनियोजन शीर्षकहरूमा छलफल भइरहँदा आठवटा मन्त्रालयको विनियोजन शीर्षकमा शीर्षकको लागि, छलफलको लागि शीर्षकहरू तोकिएको छ। र साँच्चिकै छलफलमा भाग लिने हो भने हामीलाई दिएको समय कमसेकम पाँच घण्टा चाहिन्छ। अब यो हामीले एउटा फर्मालिटी पुरा गर्न यहाँ उभिएका छौं। प्रतिनिधिसभाबाट यो बजेट पास भएर आइसकेको छ। र राष्ट्रिय सभामा हामीले तालि पड्काएर पठाइदिने हो। यस्ता बजेटहरू यो सदनमा धेरै आए, धेरै पास भएर गए। तर कार्यान्वयन के कति भयो भन्ने कुरा समीक्षा कहीँ भयो? कहिले पनि भएन ।

र अहिले पनि विभिन्न मन्त्रालयहरू पहिलो कुरो जुन यहाँ आठवटा मन्त्रालयको शीर्षकहरूमा छलफलको विषय उठेको छ। पहिलो कुरो, यिनी मन्त्रालयहरू कस्तो ऐन, कानुनबाट चलेका छन्। हिजोका पञ्चायतकालीन ऐनहरू अहिले पनि मौजुदा छन् र त्यही कानुन अन्तर्गत केही नयाँ बनेका छन् तर हाम्रो संविधान आइसकेपछि संघीयता सँगसँगै पुराना ऐन, कानुनहरू खारेज भएर नयाँ ऐनहरू बनेर अगाडि बढ्नुपर्थ्यो। त्यो बन्न सक्यो कि सकेन? त्यो बनेन। त्यसो भएको हुनाले अहिले पनि ३०० भन्दा बढी ऐन, पुरानो ऐन छन्, पञ्चायतकालीन ऐन छन्। तिनी ऐनले सबै मन्त्रालयका अरू ऐन, कानुन, नियम के के हुन् त्यसलाई चाहिँ बाँधेर राख्या छ। त्यसो भएको हुनाले पहिले यतातिर चाहिँ ध्यान दृष्टि चाहिँ नि गएको छ कि छैन मन्त्रालयको?

अर्को कुरो, यो मन्त्रालयहरूमा बजेटको छलफल भइरहँदा सबै मन्त्रालयहरूले जुन बजेट अहिले ल्याएको छ यो संघीयतालाई पछ्याउने टाइपको छैन। संघीयतालाई इमान्दारीपूर्वक छातीमा हात राखेर यसलाई केलाऔं । यसले संघीयतालाई, संघीयताको मर्मलाई यसले काहीँ पनि छोएको छैन। र खास गरेर विकासे मन्त्रालयहरू, भौतिक पूर्वाधार मन्त्रालय, सहरी विकास मन्त्रालयको जुन विनियोजन बजेटहरू गरिएको छ यसले आममानिसहरू यसप्रति असाध्यै चासोका साथ हेरिरहेका छन् र यहाँनेर के छ भन्ने हामीलाई थाहा छ। हाम्रो आकाङ्क्षाहरू धेरै छन्, इच्छाहरू धेरै छन्, सीमित स्रोत साधन छ। दुई खर्ब ५९ अर्ब बजेटले जुन हाम्रो विकास बजेट हो, त्यो बजेटले विकास निर्माणका कामहरू देशभरि पुर्याउनुपरेको छ। त्यो पनि थाहा छ हामीलाई तर विकास बजेटहरू विनियोजन हुँदाखेरि समानुपातिकता अपनाइएको छ कि छैन? बजेटमा समानुपातिक हुनुपर्छ । किन हुनुपर्छ भनेदेखिलाई यो बजेटमा प्रत्येक नेपालीको रगत र पसिना जोडिएको छ। नेपालीले कर तिरेका छन्, ट्याक्स तिरेका छन्। त्यसो भएको हुनाले बजेटमा भिन्न भिन्न जिल्ला, भिन्न भिन्न निर्वाचन क्षेत्रलाई भिन्नभिन्न तरिकाले बजेटहरू विनियोजन गरिएको छ। के यो बजेट पार्नको लागि मन्त्री नै हुनुपर्ने हो? मन्त्री नभएसम्म त बजेटै नपर्ने भयो। यो के हो?

सहरी विकास मन्त्रालयको पनि त्यस्तै भौतिक पूर्वाधार मन्त्रालयको त म सम्माननीय अध्यक्षज्यू म कर्णालीतिर लैजान चाहन्छु, यो सदनको ध्यान। सम्माननीय अध्यक्षज्यूमार्फत कर्णाली र धनुषा, मन्त्रीजी यहाँ हुनुहुन्छ। यसमा कुनै आग्रह र पूर्वाग्रह होइन। हामीले आग्रह पूर्वाग्रह लिएका छैनौं । कर्णालीको बजेट ७ अर्ब ३७ करोड छ। र धनुषा जिल्लाको बजेट ८ अर्ब ६७ करोड ४ लाख छ। र यसमा कर्णालीमा कर्णालीको कुल भूभाग १८ दशमलव १७ % छ। यति ओगटेको छ कुल भूभागको र धनुषाले ०.८० प्रतिशत भूभाग ओगटेको छ। क्षेत्रफल कर्णालीको २९७९४ वर्ग किलोमिटर छ भने धनुषाको ११९० वर्ग किलोमिटर छ। स्थानीय निकाय कर्णाली प्रदेशमा ७९ ओटा छन्, धनुषा जिल्लामा ११ वटा छन्। निर्वाचन क्षेत्र कर्णालीमा १२ वटा छन्, धनुसामा चारवटा छन्। जनसङ्ख्या टोटल कर्णालीको १६ लाख ८८ हजार १२ छ भने धनुषाको ७५४,५२७ छ। बसोबासको कुल जनसङ्ख्याको ५.७९ % कर्णालीको छ भने धनुषाको २.९ प्रतिशत छ। । कर्णालीमा १० जिल्ला, धनुषामा एक जिल्लालाई ७ अर्ब ३७ करोड र धनुषालाई आठ अरब ७७ करोड ४ लाख के आधारमा।

माननीय सदस्यज्यूहरू, म कर्णालीकामा सबै माननीय सदस्यज्यूहरूलाई आह्वान गर्न चाहन्छु सम्माननीय अध्यक्षमार्फत र विशेष गरेर कर्णालीका माननीय सदस्यज्यूहरू चाहे हामी

पक्षमा होउँ, चाहे विपक्षमा, यो कर्णालीप्रतिको अन्याय, म त त्यो सत्तापक्षको बेन्च पनि मैले त्यो सहन सक्दिनँ। यो बजेटप्रति मेरो आपत्ति छ।

त्यसो भएको हुनाले यस्तै यस्तै कामहरू मैले नै सहरी विकास पनि भनें । सहरी विकासले पनि एक एकवटा एक एक लाखको ९९ वटा योजनाहरू छुट्याएको छ। त्यस्तै त्यो प्रदेश, स्थानीय पालिकाले छुट्याउन सक्दैन त्यस्तो आयोजनाहरू। त्यस्तै भौतिक पूर्वाधार मन्त्रालयले रणनीतिक सडक भनेर ५-५ लाखका ६२६ वटा आयोजनाहरू छुट्याएको छ। पाँच पाँच लाख वैकल्पिक राजमार्गको नाममा जिल्ला नखुलाएर वार्षिक बजेट कार्यक्रममा राखिएको छ जिल्ला खुलाएको छैन। यो भित्र के राज छ? मेरो प्रश्न छ सम्बन्धित मन्त्रालयलाई। त्यसो भएको हुनाले खास गरेर यो बजेट पूर्वाग्रही बजेट छ। यो बजेट समानुपातिक बजेट छैन। यसलाई पुनरावलोकन गर्न सकिने कुनै ठाउँ छ भने सम्माननीय अध्यक्षज्यूमार्फत म अनुरोध गर्न चाहन्छु। यसलाई पुनरावलोकन गरौं। यसलाई पुनरावलोकन गरौं, यसरी हुँदैन। यसले राज्यमाथिको स्वेच्छाचारिता प्रकट गर्यो। त्यो बजेटले मनोमानी र यसले विभेदकारी बजेट यो बन्यो। र यो विधि यसले विधिलाई पनि तपाईंको चाहिँ भोली कस्तो खालको विधि एउटा सिस्टम प्रणालीलाई हामीले कसरी बसाएका छौं। अर्को मन्त्री आयो भने उही गर्ने त होला नि। मुख्य कुरा प्रणालीको, आज हामी एउटा मन्त्री, भोलि अर्को मन्त्री रहन्छ। र भोलि उसले पनि त्यही गर्ने होला नि, त्यसकारण हामी राम्रो कामतिर, राम्रो कामको थालनी त गरेका छौं, हामीले चाहिँ सोचेका छौं तर राम्रो कामको थालनी हो कि होइन? त्यसो भएको हुनाले मेरो विनम्र अनुरोध छ। यसलाई हामीले पुनरावलोकन गर्नुपर्छ ।

अध्यक्षज्यू, म एउटा अनुरोध गर्न चाहन्छु, गत वैशाखमा एउटा मात्रै म नजन्मिँदै, म नजन्मिँदै सुरु भएको कुटा कोदाला खनेर हाम्रा जिजुबाजेहरूले सुरु गरेको राप्ती राजमार्ग। त्यो राप्ती राजमार्ग दाङबाट सल्यान अहिले पनि हिलाम्ये, त्यो सडक साना गाडीहरू बर्खामा जान सक्दैन। त्योभन्दा धेरै पछिका धेरै सडकहरू पनि धेरै स्तरोन्नति भइसके, धेरै राम्रो बनिसके, त्यो त्यो त्यहाँ परेको बजेट ठिक टेन्डर हुने समयमा मन्त्रालयले १ अर्ब १० करोड बजेट कटौती गर्यो, कटौती गर्यो। यसमा हाम्रो आपत्ति छ किन गर्यो टेन्डर? एक दुई टेन्डर दुई दिनपछि टेन्डर हुनेछ र अहिले ६० करोड बजेट त त्यहाँ परेको छ त्यसको लागि मन्त्रीज्यूलाई म धन्यवाद दिन चाहन्छु। तर यो पुरानो बजेट जुन कटौती गरियो जसले त्यो बजेट, त्यो डोल्पासम्म जाने बाटो त्यसले दाङ हुँदै रोल्पा, पश्चिम रुकुम, जाजरकोट सल्यान, डोल्पासम्म छुने बाटो त्यो बाटाको जुन बजेट कटौती गरियो यो राम्रो भएन र त्यसो भएको हुनाले यसमा म के अनुरोध गर्न चाहन्छु भने यस्तो खालको पूर्वाग्रह, तौरतरिकाबाट मन्त्रालयहरू जान थाल्यो भने,

सरकार जान थाल्यो भने अनि पब्लिक, पब्लिक कति दिन त्यो कुराहरू ट्वाल्ल परेर सहेर बस्न सक्छ, सहेर बस्न सक्दैन। त्यसो भएको हुनाले मेरो अनुरोध छ, यी बजेटहरूमा, यो बजेटहरूमा फेरि पनि म अनुरोध गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत कि पुनरावलोकन होस्। यति कुरा राख्दै म मेरा भनाइहरू यहीँ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य शेखर कुमार सिंह समय ८ मिनेट। यसपछि माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

(१४:१२ बजे)**माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, म स्वास्थ्यको कारणबाट केही दिन सदन छुटाएको छु। र धेरै कुरो सुन्न पनि मैले छुटाइसकेको छु, त्यो सँगसँगै। मैले यो बजेटको शीर्षकमा सम्झना आयो। आजभन्दा दुई वर्ष अगाडि, तीन वर्ष पनि लाग्न लाग्या होला। गणेश ठगुन्नाज्यू हुनुहुन्थ्यो त्यतिखेर संघीय मामिला मन्त्री, उहाँले मलाई मागेरै ल माननीयज्यू, तपाईंको जे सबभन्दा पुरानो हुन्छ खोला, त्यो दिनुस् म पक्की पुल बनाइदिन्छु। विचारा उदारताका साथ सप्तरीका तिलाठी कोइलाडी वार्ड नम्बर ४ स्थित चित्ता र मोहलीपुलामा संयुक्त ठाउँमा पुलको लागि डेढ करोड रुपैया राखदिनु भो। त्यस्ता रकम आजभोलिको चलनमा के डिपिआर भन्ने चलन आएको छ। त्यहाँका डि ई हिसाब, जनकपुरका हिसाबले डिपिआरको नाउँमा कति सिध्याउनु भो, कति सिध्याउनु भो। डिपिआर गर्नु भो, पछाडि आएर भन्दै हुनुहुन्छ यहाँ त माननीयज्यू पुल त बनाउनै सक्दैन, ठुलो पुल भो। मैले भन्या थिएँ तपाईंलाई यो डिपिआर गर्नलाई। अगर डिपिआर गर्नु भएछ भने पुल बनाउनुस्, रकमलाई खेर नफाल्नुस्।

अनुरोध गर्दागर्दै सम्माननीयज्यू मैले बाध्यतापूर्वक आज यो कुरो उठाउनुपर्यो। अहिलेसम्म त्यो वर्षेनी आगामी सालमा पनि ८० लाख जति पर्या थियो, अहिले पनि त्यो पुलको टेन्डर हुन सक्या छैन। जब कि हामी कोशी पीडित र कोशी कटानका मान्छेहरू, त्यहाँबाट लगभग तीनवटा गाउँपालिकाको मान्छेहरू ती पुल नभएर सबैको अब वर्षामा डुङ्गा चलाउन त्यहाँ हामी सुरु गर्‍या छौं। आज पनि हामी डुङ्गाको भर पर्नुपर्‍या छ। त्यसैकारणले अब सरकारका माननीय वरिष्ठ मन्त्रीज्यूहरू हुनुहुन्छ, मेरा भाग्यले उपस्थित अहिले उहाँहरू पक्कै ध्यान दिनुहुन्छ होला। सायद यो बजेट अब सहरी विकास तिर गएको छ, क्यारे। संघीयका बजेटहरू विभागका पक्कै पनि त्यहाँबाट यसलाई फलो अप होला भन्ने मैले आशा राख्या छु ।

सम्माननीयज्यू, मैले पटकपटक एउटै कुरो उठाइराख्या छु। अहिले साधनको रूपमा हामीलाई यातायातको रूपमा भन्यो भने बस नै हो। त्यसमा एउटै पूर्व-पश्चिम राजमार्ग छ। जो

कि हामीले थेगिराख्या छु। त्यो राजमार्गहरूको अवस्था चुरेको वन उजाड भएर त्यहाँबाट आएका बालुवा गिट्टीहरू करिब करिब भरिन लाग्या छ, सम्माननीयज्यू। यसमा समयमा ध्यान पुर्याएन भने धेरै पुलहरू एकैपल्ट पनि जान सक्ने अवस्थामा छ। त्यसमा पक्कै सरकारले ध्यान पुऱ्याउनु हुन्छ भने मैले आशा राख्या छु। साथै हामी चुरे क्षेत्रका बासी पनि पर्यौं सम्माननीयज्यू। म बिमारी अवस्थामा हुँदै म स्यालुट गर्न चाहन्छु सप्तरीका ती महिलाहरू २५ दिन लगाएरै बाल्टिन, गाग्री बोकेर आइन् बेचारी पानी माग्नलाई तर पानी पाएन। के चुरेको समस्या सप्तरीलाई मात्रै हुन्छ र सम्माननीयज्यू? चुरे भेगका सबैमा हुन्छ। जहाँ १८ फिट, २० फिटमा पानी पाइन्थ्यो, अहिले ट्युववेलमा २०० फिटमा पनि पाईंदैन। यसको व्यवस्थापन पनि त सरकारले नै गर्नुपर्छ नि। सरकारले नै गर्नुपर्छ, हामी आशको कसबाट गरौं त? त्यसका व्यवस्थापन पनि चुरेमा दिनप्रतिदिन भइराख्या पानीको अभाव यथाशीघ्र त्यसको उचित व्यवस्थापन होस्। मैले यही सदनबाट माग गर्न चाहिराखेको छु। सँगै वर्षायामको बेला सुरु भइसकेको छ। सम्पूर्ण म संजोगले यसपालि अस्तिको अविरल वर्षाको टाइममा म सप्तरीमै थिएँ। त्यति वर्ष मात्रै हुँदा दस, बाह्रवटा गाउँ, तीन चारवटा गाउँपालिका डुबानमा परिसके। अब यो त सुरुवात हो। अब यो सुरुवातमा पनि अब बाढी व्यवस्थापनमा सरकारको पक्कै ध्यान गएको होला। तापनि मैले ती क्षेत्रका त नभनौं। म त राष्ट्रकै छु। म जहिले पनि राष्ट्रकै लागि बोलिराख्या छु।

(१४:१७ बजे)पीठासीन-:माननीय उपाध्यक्ष विमला घिमिरे।

माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल):-तर यो बाढी सम्पूर्ण मधेसमै छाइसकेको छ। यसमा सरकारबाट एउटा ठोस व्यवस्थापकीय कार्य होस्। मैले त्यो आस राख्या छु। आजको समयमा पनि वन क्षेत्रबाट पनि के के रकमहरू विनियोजित भएको छ। कुनै खोला संरक्षणको नाउँहरूमा भने त्यसलाई पनि मैले सरकारलाई धन्यवाद दिँदै, सडकमा पनि गएछन् त्यसले पनि म धन्यवाद दिँदै, अरू बाँकी बक्यौतामा पनि त्यस्तै सरकारले ध्यान देओस् र हामी कोशी पीडित क्षेत्रका छौं। पटकपटक भन्दा यही हो। माननीय मन्त्रीज्यू पनि यहीं हुनुहुन्छ, सायद बेलही र कुनौली खण्डको सडक उहाँकै पालामा जो कि कुनै जमानामा आइसीएम प्रोजेक्टले बनाएको त्यो कुनैली फतेपुरको नाउँमा मैले माननीयज्यूले एकपल्ट माननीय मन्त्रीज्यूले निवेदन स्वरूप टक्राएको पनि छु। यसपालि सायद निश्चित बन्ला भन्ने आशा पनि गरेको छु। त्यस्तै पढ्दाखेरि हामी धेरै त्यो क्षेत्रका बासीहरू राम्रो सुव्यवस्थित हुनेछौं। र यसरी डिपिआरको नाउँमा भइराख्या चलखेल यथाशीघ्र बन्द गरौं। त्यस्ता गर्ने

कर्मचारीलाई ठोस कारबाही गरौं र जति छिटो हुन्छ त्यो पुलको टेन्डर गर्न लगाऔं। यति भन्दै म आफ्नो दुई शब्द यहीं अन्त्य गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य तुलप्रसाद विश्वकर्मा समय ८ मिनेट। यसपछाडि माननीय सदस्य डाक्टर अन्जान शाक्य।

(१४:२१ बजे)**माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:-सम्माननीय अध्यक्षज्यू, आज विनियोजित बजेट माथिको छलफल आठवटा मन्त्रालयमाथि छलफल गर्नुपर्ने छुट्याइएको छ। अब यी सबै मन्त्रालयवाइज भन्दा पनि यहाँ पूर्वमाननीयज्यूहरूले पनि कुरा राखिसक्नुभयो कि बजेटको विनियोजनमा सुरुमै अनियमितता भनौं, आर्थिक अनुशासनमा बजेट चाहिँ रहेको छैन। त्यसमा रहेर आएन। र स्वयं सरकारले संघीयताको मर्मअनुसार संघीयतालाई सबलीकरण गर्ने, त्यसलाई बलियो गराउने अनि त्यही संघीयतामार्फत यो देशलाई धेरै माथि पुर्याउने भनेर जति वकालत गरे पनि संघीयताको मर्मअनुसार पनि आएन। त्यसैले सुरुमै पहिले पनि मैले निवेदन गरेको थिएँ कि चालु खर्च, पुँजीगत खर्चभन्दा चालु खर्च धेरै छ। स्वयं पुँजीगत खर्चै कम चाहिँ नि छुट्याइएको छ। त्यसैले अब कुन त त्यो थोरै चाहिँ नि बजेट अनि त्यो कति ठाउँ पुर्याउने। समस्या त्यो परेको छ त्यसैले यो बजेट एउटा कनिका छर्ने हिसाबले, सबैको चित्त बुझाउने हिसावले अघि नै कुरा आइसक्यो। यहीं १ लाख देखि तपाईंको ५ लाखसम्मका पनि केन्द्रीय बजेटमा परे ।

अब यो स्थिति छ बजेटको, त्यसैले अब मन्त्रालय वाइज जाँदा पनि अब त्यही स्थिति छ। अब क्षेत्रगत हिसाबले पनि यहाँ अघि नै हाम्रो कर्णालीको माननीयज्यूले भन्नुभयो यथार्थ कि त्यो क्षेत्रमा अत्यन्त कम बजेट गएको छ। मैले पहिले यहीं बोल्दा पनि उठाएको थिएँ। भेगीय हिसाबले, क्षेत्रीय हिसाबले पनि समेट्ने प्रयास गरिएको छैन। तर पनि अब यो रीति हामीले पुर्याउनै पर्छ, यो बजेट पास भइसकेको प्रतिनिधि सभाबाट। अब यो विधि पुऱ्याउनलाई यहाँ आएको छ, त्यसैले यसलाई हामीले विधि पुऱ्याउनको लागि यहाँ उभिएका छौं। अब यी सबै मन्त्रालयहरूको उसमा केही नभए पनि मन्त्रालयहरूको बारेमा आफ्ना धारणाहरू यहाँ राख्न चाहन्छु।

विशेष गरेर भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयको जुन कुरा छ। अब यो मन्त्रालयले गर्नुपर्ने काम गरिवी घरपरिवार पहिचान गर्ने र तिनीहरूलाई पहिचान गरेर त्यस अनुसारको उनीहरूलाई क्याटगोराइज गरेर बजेट छुट्याउने कुरा आएको थियो। त्यस्तै सहकारी क्षेत्रलाई सुदृढीकरण गर्ने अब यी मन्त्रालयहरूको चाहिँ मुख्य जिम्मा हुन्छ। खास गरेर यसमा दुईवटा चाहिँ मन्त्रालयहरू भूमि व्यवस्था पनि छ, गरिबी निवारण पनि छ। एकै ठाउँ राखिएको छ। अब भूमि मन्त्रालयभित्र विशेष गरेर भूमि व्यवस्था तथा अभिलेख विभाग पर्छ। देशभरिका

भूमिसुधार तथा मालपोत कार्यालयहरू त्यस अन्तर्गत आउँछन्। नापी विभाग त्यसै अन्तर्गत पर्छ। देशभरिका नापी कार्यालयहरू छन्, यी चिजहरू सबै हेर्नुपर्छ।

त्यस्तै सहरी मन्त्रालय अन्तर्गत सहरी विभाग, सहरी प्रशिक्षण अनुसन्धान केन्द्र, सहरी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम, राष्ट्रिय सहकारी बोर्ड लगायतका निकायहरू छन्। यी सबैलाई चाहिँ उ गर्नु पर्छ, हेर्नु पर्छ। यिनीहरूको लागि ठुलो मात्रामा एउटा प्रशासनिक खर्च चाहिन्छ। यी सबै चाहिँ नि विभागहरू हेर्दा र यिनै निकायहरूलाई फेरि पुँजीगत खर्च पनि विनियोजन गर्नुपर्छ। यी दुईटै कार्यलाई एकआपसमा जोडेर हेर्दा यो मन्त्रालयका लागि जुन बजेट चाहिँ छुट्याइएको छ त्यो अत्यन्त न्यून छ। साँच्चै भन्ने हो भने यो हात्तीको मुखामा जिरा भने उखान सरह भएको छ। त्यस्तै लामो समयदेखि गरिबी निवारण मन्त्रालय अन्तर्गत गरिबी निवारण कोष ल्याउनुपर्ने र त्यसैगरी गरिबसँग विश्वेश्वर कार्यक्रम ल्याउनुपर्ने माग उठिरहेको छ। त्यस्तै गरिबसँग विश्वेश्वर कार्यक्रम मन्त्रालयको मातहतमा आएपनि बजेट अत्यन्त न्यून रहेको छ । भूमि व्यवस्था तथा सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई प्रत्येक वर्ष मन्त्रालयको काम र कार्यक्षेत्रको तुलनामा अत्यन्त न्यून बजेट विनियोजन गर्नुको परिणाम थुप्रै कामहरू प्रभावित भइरहेका छन्।

त्यसैगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय गत सालका बजेटहरू गत सालका बजेटहरूदेखि नै ज्येष्ठ नागरिकहरूका लागि प्रत्येक प्रदेशमा सुविधा सम्पन्न वृद्धाश्रमका लागि वृद्ध वृद्धाश्रम निर्माणका कुराहरू उठी नै रहेको छ। तर त्यस विषयमा ठोस कार्य अगाडि बढाउन बजेटले नै मुख्य भूमिका खेल्ने गर्दछ। काठमाडौंको गोठाटारलगायत देशका झापा, मोरङ, तेह्रथुम, धनकुटा आदि जिल्ला र वृद्धाश्रम, वृद्धहरूको लागि मिलन केन्द्र को लागि रकम अत्यन्त न्यून रूपमा छुट्याइएको छ। सो रकम वृद्धाश्रमका लागि आवश्यक पर्ने जग्गा खरिद गर्न पनि नपुग्ने देखिन्छ। ज्येष्ठ नागरिकलाई देशभरि नै सार्वजनिक यातायातहरूमा यातायातका साधनहरूमा ५० प्रतिशत छुट हुनुपर्दछ र त्यसबापत सुविधा दिने यातायात साधनहरूलाई वार्षिक लगानी वार्षिक रूपमा लाग्ने उनीहरूको राजस्व छुट हुने व्यवस्था बजेटमा नै उल्लेख भएर आउनुपर्दथ्यो तर त्यो आएन । महिला तथा बालबालिकाको क्षेत्रमा हुने यौनजन्य हिंसालगायतका अन्य हिंसा पीडित महिला बालबालिकाहरूलाई पीडितकोषबाट क्षतिपूर्ति उपलब्ध गराउने कानुनी व्यवस्था भएतापनि पीडित महिलाको वैकल्पिक जीवन निर्वाहको व्यवस्था नहुँदासम्म त्यसलाई सामाजिक सुधार सुरक्षा भत्ता अन्तर्गत नै व्यवस्था गरिनु पर्दथ्यो जुन यो बजेटमा हुन सकेन। हाम्रो संविधानले यौनिक अल्पसङ्ख्यकको हक अधिकारको व्यवस्था गरेपनि तेस्रो लिङ्गीलाई पनि यही मन्त्रालयले सम्बोधन गर्नुपर्दथ्यो जुन हुन सकेको छैन। मधेशमा दाइजोको कारण लिङ्ग परीक्षण गरेर छोरी भएमा गर्भपतन गर्ने कुरीतिले गम्भीर रूप लिएको छ। त्यहाँ स्वयं केन्द्रीय सरकारबाटै बेटी बचाउ, बेटी पढाउ नारालाई अभियानकै रूपमा बजेट विनियोजन गर्नुपर्दथ्यो त्यो हुन सकेन । भौतिक पूर्वाधार मन्त्रालय अझै पनि ७७ वटा जिल्लामध्ये दुईवटा जिल्लाको सदरमुकामसम्म सडक पुग्न सकेको छैन। त्यसका लागि यो

बजेटमा बजेट विनियोजन गरेको देखिएन त्यसै गरेर निर्णय निर्माण भएका सडकहरूको स्तरोन्नति पनि ठिक ढङ्गबाट हुन सकेको छैन।

<u>**सम्माननीय अध्यक्ष**</u> :-माननीय डा. अन्जान शाक्य । समय १० मिनेट । त्यसपछि माननीय सदस्य भुवन बहादुर सुनार ।

<u>(१४:२९ बजे)</u><u>**माननीय डा. अन्जान शाक्य (मनोनित)**</u>:-सम्माननीय अध्यक्ष महोदय, आज हामी विनियोजनका विभिन्न शीर्षकमाथि छलफल गर्नका लागि यहाँ उपस्थित भएका छौं। सोह्रौं पञ्चवर्षीय योजनाको पहिलो वर्ष यो बजेट प्रस्तुत भएको छ। राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद-उन्मुख र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहेको छ। सोह्रौं पञ्चवर्षीय योजनामा नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य राखेको छ। त्यसैले यी सबै तथ्यहरूलाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८१/०८२ मा यी सबै विषयलाई बजेटले सम्बोधन गर्नुपर्दछ। समग्रमा बजेट सन्तुलित तथा यथार्थपरक नै देखिएता पनि यदि निजी क्षेत्रलाई विश्वासमा लिन सकिएन भने र सर्वसाधारणको मनोबल बढाउन सकिएन भने बजेटको कार्यान्वयन निकै नै चुनौतीपूर्ण भई विद्यमान आर्थिक सुस्तता हटाउन असमर्थ हुन सक्दछ।

अब म आज छलफल हुने सम्बन्धित मन्त्रालयका बजेटमा उल्लेखित केही बुँदाहरूमा ध्यानाकर्षण गर्न चाहन्छु। वन तथा वातावरण मन्त्रालय भविष्यमा स्वस्थ मानव जीवनको सुनिश्चितताको लागि सफा तथा स्वच्छ वातावरणको सम्वर्धन अति नै महत्त्वपूर्ण र चुनौतीपूर्ण बनेको छ। वातावरण प्रदूषण रोक्नका लागि राष्ट्रियस्तरमा नै घरघरबाट निस्कने फोहोरलाई पुनः प्रयोग गरी व्यापारयोग्य तथा प्रतिफलयुक्त बनाउने, वृक्षारोपणमा जोड दिने तथा वन विनाश रोक्ने अभियान चलाउन बजेटमा विनियोजित रु. १५.७० अर्ब रकमलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्दछ। वन तथा वातावरणलाई उत्पादनमुखी तथा प्रतिफलयुक्त बनाई कुल गार्हस्थ्य उत्पादनमा अधिक से अधिक योगदान गर्न सकेमा मात्र यसले थोरै भए पनि रोजगारीको सिर्जना गरी राजस्व परिचालनमा समेत सकारात्मक योगदान पुर्याउने विश्वास गर्न सकिन्छ। सरकारले प्रदूषण मापदण्ड कडाईका साथ लागु गर्ने तथा हरेक घरघरबाट निस्केको फोहोरलाई पुनः प्रयोग गर्ने प्रविधिको विकास गरी वातावरण संरक्षण गर्ने जनचेतना अभियान चलाउन सम्बन्धित निकाय सबैको ध्यानाकर्षण गराउन चाहन्छौं। हरेक वर्षको बजेटमा सरकारले वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखेको त देखिन्छ तर सोको लागि नाम मात्रको बजेट कार्यक्रम राखेता पनि सो कार्यक्रमहरूको कार्यान्वयन पनि नहुने र भए पनि वातावरणको सुधार भने नहुने अवस्था रहेकोले यसमा कसको कमजोरी रहेको हो सम्बन्धित निकाय सबैको ध्यानाकर्षण गराउन चाहन्छु।

अब महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, ज्येष्ठ नागरिक समाजका धरोहर तथा जिउँदा इतिहास हुन्। ज्येष्ठ नागरिकहरूको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ । घरपरिवार समाज र राष्ट्रलाई आफ्नो अमूल्य ऊर्जावान समय व्यतीत गरेका ज्येष्ठ नागरिकलाई राज्यले सामाजिक सुरक्षा भत्ता दिएर केही हदसम्म भएपनि सम्मान गरेको छ तर घर परिवारको आत्मीयता, स्नेह, सम्मान तथा स्वास्थ्य हेरचाहको आवश्यकतामा केही खड्किएको महसुस भएको छ। त्यसैले मातृदेवो भवः, पितृदेवो भवः भन्ने सामाजिक मान्यतालाई समाज व्यवहारमा स्थापित गर्न आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा हाम्रा आमाबुवा हाम्रो जिम्मेवारी भन्ने अभियान मात्र सञ्चालन गरेर हुँदैन, ज्येष्ठ नागरिकहरूको मानसिक शारीरिक तथा समग्र स्वस्थतालाई बढावा दिन राज्यस्तरबाट नै सबैलाई बुढेसकाल एक जिउने कला तथा ज्येष्ठ नागरिकहरूलाई कसरी सम्मान गर्ने भन्ने कुरा विद्यालय तहको पाठ्यक्रममा नै समावेश गर्न सकिएमा सबै नेपालीजन ज्येष्ठ नागरिकको सम्मानजनक व्यवस्थापनमा सहभागी हुन्छन् भन्ने विश्वास गर्न सकिन्छ। साथै संघ प्रदेश र स्थानीय सरकारले समन्वयात्मक ढङ्गले ज्येष्ठ नागरिकहरूको लगत अद्यावधिक गर्ने र मृत्युपर्यन्तसम्म न्यूनतम अत्यावश्यक सुविधाजनक व्यवस्थापनको लागि ज्येष्ठ नागरिक स्वास्थ्य केन्द्र, ज्येष्ठ नागरिक क्लब, ज्येष्ठ नागरिक आवास तथा आश्रय केन्द्र, ज्येष्ठ नागरिक निवास, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक भेटघाट स्थल सञ्चालन गर्न सकिएमा सबै वृद्ध आमाबुवाको शुभाशिष् लाग्ने थियो कि? आर्थिक वर्ष २०७९/०८० मा यस्ता सामाजिक संस्थाहरू २२५ वटा रहेकोमा यसको सङ्ख्या उल्लेख्य वृद्धि गर्दै लानुपर्ने देखिन्छ। यसर्थ पनि यसै सन्दर्भमा बजेटले प्राथमिकताका साथ सम्बोधन गर्नुपर्दछ।

अब उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी केही कुरा राख्न चाहन्छु। आगामी आर्थिक वर्षको लागि यस शीर्षकमा रु. ९.२८ अर्ब बजेट विनियोजन गरिएको छ। जसमा निर्यात प्रवर्धन, व्यापार सहजीकरण तथा आपूर्ति व्यवस्थाको लागि केही बुँदागत व्यवस्था भएको देखिएता पनि नेपालीहरूको लागि दैनिक रूपमा अत्यावश्यक खाद्यान्न तथा अन्य जीवनयापनका वस्तुहरूको अटुट आपूर्ति व्यवस्थापनको लागि कुनै व्यवस्था गरेको देखिँदैन। यस विषयमा पनि बजेटमा सम्बोधन हुन आवश्यक छ। ४०% भन्दा कम उत्पादन क्षमतामा चलिरहेको निजी क्षेत्रका उद्योगहरूको समुचित व्यवस्थापन तथा प्रवर्धनको लागि पनि कुनै ठोस कार्यक्रमहरू ल्याइएको छैन। आगामी आर्थिक वर्षको बजेटका कार्यक्रमहरू हेर्दा नेपाली उत्पादनहरू अझै पनि प्रतिस्पर्धी बन्न सक्ने अवस्था रहेको देखिँदैन। त्यसैले पनि यसतर्फ ध्यान दिन आवश्यक छ। अहिलेको विकराल आर्थिक परिस्थितिमा समग्र मागमा कमी आई साना तथा मझौला व्यापारीहरूको व्यवसाय प्रायः ठप्प भएको छ। ती व्यवसायीहरूलाई बैंकको साँवा ब्याज तिर्न समेत समस्या परेको देखिएको छ। यस्तो आर्थिक सुस्तताबाट पार लगाउन मौद्रिक नीतिले पहल गर्नुपर्ने देखिन्छ। बैंकहरूले ऋणहरूको अवस्था हेरेर कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण गर्नको लागि नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पहल गर्नुपर्ने देखिन्छ। उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवा जम्मा ०.९८% रहेको छ। तसर्थ उद्यमशीलता बढाउनका लागि

१६ औँ योजना कार्यान्वयन गर्नु आवश्यक रहेको छ। यसका लागि, यस विषयमा प्राथमिकताका साथ बजेटले निरन्तर सम्बोधन गर्नुपर्ने देखिन्छ। उत्पादनमूलक उद्योगहरू तथा स्टार्टअप बिजनेसलाई प्रोत्साहन दिनका लागि सरकारले विशेष सुविधा तथा सहयोग प्रदान गर्दा कुल गार्हस्थ्य उत्पादनमा वृद्धि हुने तथा युवाहरू रोजगारीका लागि विदेश पलायन हुने क्रम पनि न्यून हुने हुनाले यस विषयमा पनि बजेटले सम्बोधन गर्नुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, अब भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सन्दर्भमा पनि आफ्ना विचार केही राख्न चाहन्छु, ध्यानाकर्षण गराउन चाहन्छु। भूमि प्रशासनसम्बन्धी अभिलेखलाई डिजिटाइज गर्ने र अनलाइन प्रणालीबाट रोक्का तथा फुकुवा कार्य सम्पादन गर्ने लक्ष्य राम्रो हो। तर घरजग्गाको खरिद बिक्री कारोबार हुँदा यथार्थ बजार मूल्यमा नभई कम थैली रकम राखी रजिस्ट्रेसन पास हुने अभ्यासले सरकारलाई प्राप्त हुने राजस्वमा कमी आएको छ। बरु यसको लागि संघीय तथा स्थानीय सरकारले घर जग्गाको कारोबारमा लाग्ने registration शुल्कमा केही घटाई जनताहरूलाई यथार्थ मूल्यमा कारोबार गराउन प्रोत्साहन गर्न सके सरकारको राजस्वमा पनि वृद्धि हुने र यथार्थ मूल्यमा कारोबार हुनाले अनौपचारिक अर्थतन्त्रमा पनि क्रमशः कमी आउने तथा सुधार हुने देखिन्छ। भूमिहीन दलित, सुकुम्बासीहरूलाई व्यवस्थित बसोबासको व्यवस्था गर्नु अति नै सराहनीय कार्य हो। तर जग्गा वितरण गर्ने प्रणाली, मोडालिटी, जग्गा वितरण गर्ने स्थान, लोकेसन र जग्गा प्राप्त गर्ने लक्षित व्यक्तिको छनोट गर्ने तरिकामा वैज्ञानिक तथा न्यायोचित मापदण्डको प्रयोग गर्न पनि सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु।

अब सहरी विकास मन्त्रालयतर्फ नेपाल क्रमशः सहरीकरणतर्फ उन्मुख भएको अवस्था रहेको छ। सहरी सौन्दर्य र स्वच्छताका लागि स्थानीय तहसँग सहकार्यमा सहरका नदी किनारामा हरियाली प्रवर्धन पार्कको निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने र घना बस्तीमा खुला क्षेत्रको पहिचान र संरक्षण गर्दै समुदायको सहकार्यमा एक वडा एक पार्क निर्माण गरिने कार्यक्रममा पार्क निर्माण गर्दा नै यी पार्क निर्माणमा जोड दिनुपर्दछ। साथसाथै पार्कको निरन्तर व्यवस्थापन र सञ्चालन गर्ने कार्य झनै महत्त्वपूर्ण र चुनौतीपूर्ण पनि भएको हुनाले यसतर्फ पनि बजेटले सम्बोधन गर्नुपर्दछ। दिगो विकास लक्ष्य प्राप्तिका लागि आधुनिक दिगो र व्यवस्थित सहरीकरणका लागि सघन सहरी विकास कार्यक्रम, क्षेत्रीय सहरी विकास आयोजना, नयाँ सहर आयोजना, सहरी कोरिडोर आयोजना लगायतका कार्यक्रमहरूका लागि बजेट अझ थप गर्नुपर्ने र यस्ता आयोजना तथा कार्यक्रमहरू कार्यान्वयनका लागि प्रभावकारी, प्रशासनिक व्यवस्था गर्न सके मात्र आयोजनाहरूले समयमै पूर्णता पाउने भएकोले पनि बजेटले त्यसतर्फ सम्बोधन गर्नुपर्ने देखिन्छ। अन्तमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्बन्धमा सडक यातायात सञ्जालको थप विस्तार एवं गुणस्तर अभिवृद्धि गर्न आम नागरिकको जनजीवनलाई सहज बनाउन बजेटले प्राथमिकताका साथ सम्बोधन गर्नुपर्दछ, जसले गर्दा आर्थिक क्रियाकलापमा वृद्धि हुन जान्छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य भुवन बहादुर सुनार समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य कृष्णबहादुर रोकाया।

(१४:४० बजे(**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामीले आर्थिक वर्ष ०८१/०८२ को बजेटको ३४७ बुँदे जसरी चाहिँ बजेट आयो र बजेटमाथि चरण चरण हामी छलफल गर्दै आएका छौं र अहिले हामीले यो मन्त्रालयगत बजेटका विषयमा चाहिँ छलफल प्रारम्भ भएको छ। यसमा आठवटा मन्त्रालयमा छलफल गर्नुपर्ने छ, आठ मिनेटमा। यो त्यति सम्भव देख्या त छैन, तैपनि कोसिस गरौं ।

सुरुमा वन तथा वातावरण मन्त्रालय जो महत्त्वपूर्ण मन्त्रालय हो। मानव जीवनमा यो भइरहेको यो वातावरणीय प्रभाव यसले जल, यो जलवायु परिवर्तनमा पार्ने प्रभाव यी सबैले गर्दा यो महत्त्वपूर्ण चाहिँ मन्त्रालय हो र अहिले लगभग नेपालमा ४५% भन्दा बढी वनले ढाकेको क्षेत्रफल छ र यति ठुलो क्षेत्रफल वन त रह्यो तर वास्तवमा चाहिँ यो दिगो वन व्यस्थापनको दृष्टिकोणले चाहिँ अझै यसलाई चाहिँ व्यवस्थित गर्न सकिरहेको अवस्था छैन। त्यसले गर्दा गुणस्तरीय काठ पैदवारहरू अथवा चाहिँ वनमा हुने वन्य उत्पादनहरू व्यवस्थित गर्नसक्या छैन। र अहिले वनमा डढेलो, अतिक्रमणले गर्दा  वन उत्पादनमा चाहिँ ठुलो चाहिँ असर परिरहेको छ र अहिले यो सामुदायिक वनको जुन किसिमको अवधारणा आयो र राष्ट्रिय वन थोरै र सामुदायिक वन व्यापक रूपमा बढिरहेको छ। तर सामुदायिक वनले र वनका कारणले नै धेरै चाहिँ वनका नीतिहरूले विधिहरूले विकासका कामहरूमा चाहिँ अप्ठ्यारोहरू पारेका कुराहरू आइरहेका छन्। त्यसले गर्दा वनको नीति र त्यसका यो चाहिँ वन व्यवस्थापनमा बनाइएको चाहिँ नीतिविधिहरूलाई चाहिँ फेरि पुनरावलोकन गर्न आवश्यक छ। र जुन 5, ५ज भनिन्छ, यो चाहिँ जल, जमिन, जङ्गल, जनावर, जडीबुटी यसलाई चाहिँ व्यवस्थित गर्न सक्यौं भने चाहिँ हामी यो हरियो वन नेपालको धन भन्ने नारा चाहिँ हामीले साकार गर्न सक्छौं । र आज यही वन व्यवस्थापन गर्न सकियो भने र यो चाहिँ वातावरणलाई चाहिँ स्वच्छ राख्न सकियो भने यो जसलाई परिवर्तन छ त्यसलाई नियन्त्रण गर्न सक्छ र आज चाहिँ हाम्रा हिमालहरू, हाम्रा नदीनालाहरू, त्यसले यो मौसमले पारेको प्रभावले गर्दा सिर्जना गरेको विपद्हरू यसलाई, यसलाई नियन्त्रण गर्नलाई पनि हामीले वनको संरक्षण गर्नु आवश्यक छ। र वृक्षारोपण, व्यापक वृक्षारोपण र वन संरक्षण नै अहिलेको महत्त्वपूर्ण कुरा हो।

यसका साथै म फेरि अर्को मन्त्रालयमा जान्छु।महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय यो मन्त्रालय पनि महत्त्वपूर्ण हुँदाहुँदै पनि जस्तै आधा आकाश, आधा धर्ती ढाकेको

एउटा चाहिँ वर्गलाई यसलाई मन्त्रालयस्तरमै जोडेर चाहिँ नेपालमा भएको यो चाहिँ उत्पीडन, कुरीति र चाहिँ यो रूढीवाद यसरी अन्त्य गर्नलाई जो चाहिँ महिला हिंसा, महिला उत्पीडन यस्तो चाहिँ नियन्त्रण गरेर पनि विभिन्न आयोग, विभिन्न प्रक्रियाहरू चलाएको छ। र त्यसैले गर्दाखेरिमा बालबालिका भविष्यका कर्णधार छन्। र यसलाई चाहिँ मनोवैज्ञानिक रूपले गर्ने पाउने शिक्षा, स्वास्थ्य र जो अहिले अहिलेको बजेटमै आइरहेको छ। हाम्रा बा-आामा हाम्रो जिम्मेवारी भन्ने जुन अभियान सरकारले चाहिँ लिएर आएको छ। यो अति उत्तम छ। किन भन्दा बाबाआमालाई चाहिँ बुढेसकालमा चाहिँ वृद्ध आश्रममा छोड्ने जुन किसिमको चाहिँ प्रचलन बढेको छ, त्यसलाई यसले निरुत्साहित गर्छ भन्ने लागेको छ। त्यसका साथै बजेटमा आउनुपर्थ्यो। हिजो चाहिँ बजेट आउँदाखेरिमा चाहिँ यो दलित समुदायको संवैधानिक हक, हक अधिकार सुनिश्चित गर्न पेसा व्यवसायलाई व्यवस्थित गर्न भनेर राज्यले बजेटिङ्ग गऱ्यो । त्यो त अहिले चाहिँ कुन मन्त्रालय अन्तर्गत आएको छ भन्ने कुरो कतै उल्लेख छैन। त्यसले गर्दा म सम्माननीय अध्यक्षज्यूमार्फत यो ध्यानआकर्षण गराउन चाहन्छु। यो कुन मन्त्रालयमार्फत बजेट आउनुपर्ने हो? हामी लाग्थ्यो कि प्रधानमन्त्री कार्यालयको चाहिँ सामाजिक शाखाबाट आउनुपर्थ्यो कि, चाहिँ संघीय मामिला मन्त्रालयमार्फत आउनुपर्थ्यो। हामीले कति देखिरहेका छैनम्, त्यसले गर्दा चाहिँ मैले यो जिकिर गरेँ।

यसका साथै युवा तथा खेलकुद मन्त्रालय जो अहिले खेलकुद नै स्वास्थ्यको लागि अति आवश्यक छ र यसले गर्दा युवा जगत जुन यो चाहिँ संसार निर्माण गर्नेहरू र हाम्रो देशमा युवाहरू युवा जनशक्तिहरू चाहिँ जसरी सशक्त रूपले चाहिँ अगाडि बढ्नुपर्ने ठाउँमा विदेशिने जो चाहिँ राष्ट्र निर्माण गर्ने शक्ति चाहिँ बाहिरिने, यसलाई देशमै व्यवस्थित गर्नलाई राज्यले ठोस ठोस कार्यक्रमहरू ल्याउनु पर्छ। सरकारले चाहिँ धेरै कार्यक्रमहरू लिएर आएको छ। युवाहरू नेपालमै रोजगार दिनको लागि कार्यक्रमहरू लिएर आएको छ, त्यसको साथै सहरी विकास मन्त्रालय अन्तर्गत चाहिँ अहिले चाहिँ मानिसहरू चाहिँ ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्य कृष्णबहादुर रोकाय। समय १० मिनेट। त्यस पछाडि माननीय सदस्य गंगाकुमारी बेलबासे।

(१४:४९ बजे)<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>ः-सम्माननीय अध्यक्ष महोदय, हामीले आजदेखि विभिन्न मन्त्रालयका विनियोजनका विधेयकका विभिन्न शीर्षकमाथि छलफल गरिरहेका छौं। जुन विनियोजन विधेयक प्रतिनिधिसभाबाट पास भएर आइसकेको छ।

यहाँबाट नि पास हुने नै छ। तर पास हुने महत्त्वपूर्ण कुरा होइन। यो विनियोजन विधेयक पास हुन्छ हाम्रो फेल गराउने उद्देश्य पनि छैन र हुनु हुँदैन।

सम्माननीय अध्यक्ष महोदय, तर महत्त्वपूर्ण कुरा के हो भने समग्रमा यो अब २०८१/८२ को बजेटका सिद्धान्त र प्राथमिकतालाई टेकेर सोका आधारमा यो बजेट आयो कि आएन भन्ने मुख्य सवाल हो। बजेट निर्माण गर्दा कुनै न कुनै मापदण्डमा टेकेर निर्माण गरिन्छ। तर अहिले विनियोजनका विभिन्न शीर्षक हेर्दा बिना मापदण्ड सिद्धान्त र प्राथमिकताको विपरीत मन्त्रीले आफू खुसी ल्याएको देखियो।

सम्माननीय अध्यक्ष महोदय, यो बजेटलाई समग्रतामा हेर्दा मूल मान्यतामा नै त्रुटि देखियो। मन्त्रीहरूले आफ्नो मन्त्रालयमा प्राप्त बजेटको अधिकाङ्श हिस्सा आफ्नै जिल्ला निर्वाचन क्षेत्रमा लैजाने कुराले ज्यादा अपरिपक्व, गैर जिम्मेवार र दुरुपयोग गरेको पुष्टि भएको छ।यो शक्ति र सत्ताको ठाडो दुरुपयोग हो। यहाँ बजेट कसले कति पायो र पाएन भन्दा पनि बजेटको मूल मान्यतामा नै गम्भीर त्रुटि देखियो।

सम्माननीय अध्यक्ष महोदय, प्रतिपक्ष त झन् संयमित छ। सत्तापक्षको स्थिति जुन देखिएको छ, यसको सम्माननीय प्रधानमन्त्रीले जिम्मा लिनुपर्दछ। प्रधानमन्त्रीज्यूले केही गर्न खोज्नुभएको जस्तो, अर्थमन्त्री पनि केही गर्न खोज्नु भएको जस्तो देखिएको तर मन्त्रालयगत विनियोजनमा जाँदा अत्यन्त गैरजिम्मेवार लज्जास्पद स्थिति देखापर्यो। नेपालको इतिहासमा यस्ता घटना बेलै भएका छन्। रोस्टममै बजेटको कपी च्यात्ने काम भएको छ, मौन धारण त्यहीँ भएको छ। सत्तापक्षकै माननीयज्यूहरूबाट यसको कडा आलोचना भइरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, प्रि-बजेटको छलफलमा बजेटका सिद्धान्त प्राथमिकतामा बजेटलाई समानुपातिक र सन्तुलन गर्ने भनिएको थियो। स्रोत सुनिश्चित गरेर मात्रै आयोजना छनोट गर्ने, राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्राथमिकता दिने, क्रमागत योजनालाई सम्पन्न गर्ने, ३ करोड भन्दा तलका आयोजना छनोट नगर्ने, त्यस्ता आयोजना प्रदेशलाई हस्तान्तरण गर्ने भनिएको थियो तर त्यसको विपरीत राष्ट्रिय गौरवको आयोजनालाई प्राथमिकता नराखिएको स-साना टुक्रे आयोजना छनोट गरिएको, सत्ताशक्ति र पहुँचको आधारमा आयोजना छनोट गरी सोही बमोजिम बजेट विनियोजन गरिएको छ। त्यति मात्र होइन क्रमागत योजना समेतलाई बजेट राखिएको छैन । स्थानीय तहले समेत आयोजना छनोट गर्दा एउटा मापदण्डको आधारमा छनौट गर्ने गर्दछन्। मानव सूचकाङ्कका आधारमा, जनसङ्ख्या, भूगोललगायतका मापदण्डका आधारमा छनोट गरिन्छ, भने संघले बिना मापदण्ड स्वेछाचारी ढङ्गले आयोजना छनोट गर्ने, बजेट

विनियोजन गरेको पाइयो। यो कुनै पनि, यो कुनै आरोपको कुरा होइन। सरकारका मन्त्रीहरूले विनियोजन गरेको बजेटको तथ्यमा भनिएको कुरा।

माननीय अध्यक्ष महोदय, २०७२ सालको संविधान जारी भई देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसकेपछि सात प्रदेश १६५ संघीय निर्वाचन क्षेत्र र ७५३ वटा पालिकाको व्यवस्था भएको जस्तो मलाई लागेको थियो। त्यस्तै नेपाल सरकार र मन्त्रीका सरकारका मन्त्री र समग्र देशका हुन्छन् भन्ने मैले बुझेको थिएँ। तर यी कार्यक्रम र बजेट विनियोजनका प्रकृति हेर्दा मन्त्री त एउटा प्रदेश, प्रदेश पनि अहिले जिल्ला अझ त्यो पनि होइन, त्यो भन्दा तल आफ्नो सम्बन्धित निर्वाचन क्षेत्रको मात्र भएको देखियो। हाम्रो संविधानले यस्तै सरकार र यहीस्तरका सरकारका मन्त्रीको कल्पना गरेको हो? कि यस्तै अभ्यासले नै हामीले यो संविधानको रक्षा गर्न सक्छौँ? यो पद्धतिलाई बलियो बनाउन सक्छौँ? अनि हामीले संघीयतालाई बलियो बनाउन सक्छौँ? यी अभ्यासले संघीयतालाई जोगाउन सक्छौ?

सम्माननीय अध्यक्ष महोदय, विस्तृतमा जान चाहन्नँ। खाली अहिलेका सरकारका दुईजना भौतिक र सहरी विकास मन्त्रीहरूले आफ्नो सम्बन्धित मन्त्रालयबाट छनौट गरिएका कार्यक्रम र विनियोजित बजेटको सिम्बोलिक रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु। यसबाट नै प्रष्ट हुन्छ यो बजेट कति न्यायिक, कति समावेशी, कति सन्तुलित र कति आवश्यकता आधारमा आएको छ। मैले दुई तीनवटा प्रदेशका पाँच छवटा जिल्लाको कार्यक्रम र प्राप्त बजेटको आँकडाको तुलना गर्दा यस्तो आँकडा देखिन्छ सम्माननीय अध्यक्ष महोदय। धनुषामा भौतिक पूर्वाधारमा मात्रै जाँदा धनुषामा १३१ वटा कार्यक्रम छन्। झापामा ६२ वटा कार्यक्रम छन्। गोरखामा ४४ वटा, बाजुरामा १४, मुगुमा ९, मनाङमा ६ र यसमा तपाईंले कम्पेयर गरेर हेर्नुभयो भने कर्णाली प्रदेशको बारेमा अघि नै कुरा उठिसकेको छ। कर्णाली जहाँ सबभन्दा पिछडिएको क्षेत्र हो। जहाँ सबभन्दा बजेट सरकारले बढी प्राथमिकता राख्नुपर्ने हो। त्यस्तो ठाउँमा आज मुगु जस्तो ठाउँमा चाहिँ नौ वटा चाहिँ कार्यक्रम राखिएको छ। त्यो अरू बाँकी जिल्ला छोड्नुस्। त्यस्तै कालिकोटको कुरा छ, हुम्लाको कुरा छ त्यस्तो तमाम जिल्ला छ तर मैले एउटा जिल्लाको मात्र समेटेँ, त्यति सुदूरपश्चिममा तपाईं जानुभयो भने १४ वटा चाहिँ कार्यक्रम राख्यो। त्यस्तै सबभन्दा बाजुरा जिल्ला, सबैभन्दा विकट जिल्ला हो। त्यस्तै मनाङमा छ वटा कार्यक्रम राखिएको छ। त्यस्तै सहरी विकास मन्त्रालयमा जानुभयो भने झापामा २२७ वटा कार्यक्रम राखिएको छ, सहरी विकास मन्त्रालयबाट। गोर्खामा ११८ वटा कार्यक्रम छ। बाजुरामा ३७ ओट कार्यक्रम, मुगुमा ३३, मनाङमा १६ र डोल्पामा २०७ वटा कार्यक्रम छ। यसले के जनाउँछ? त्यसकारण सम्माननीय अध्यक्ष महोदय, अझ भौतिक पूर्वाधारको मन्त्रालय २०८१/८२ को जम्मा बजेटलाई

हेर्नुभयो भने यसमा टोटल, टोटल १ खर्ब ५० अर्ब ५३ करोड राखिएको छ। त्यसको पनि तपाईंको चाहिँ त्यसलाई अघि चाहिँ माननीयज्यूले हिसाब गरे जस्तै यसमा चाहिँ तपाईंको कर्णालीमा समग्रमा ७० चाहिँ तपाईंको के रे ७ अर्ब ३६ करोड ४८ लाख १४ तपाईंको चाहिँ बजेट कर्णालीमा चाहिँ समग्रमा पूर्वाधारमा चाहिँ देखिएको छ र त्यस्तै झापा र तराई, धनुषामा हेर्नुभयो भने तपाईंको चाहिँ १५ लाख चाहिँ ४८ करोड ४ लाख रुपैयाँ चाहिँ देखिएको छ।

सम्माननीय अध्यक्ष महोदय, अघि क्षेत्रफलको कुरा पनि आइसक्यो, त्यातिर म जान चाहन्नँ कि धनुषाको १४८ वटा ठाउँमा १४० वटा आयोजना छुट्याइएको छ। १४८ वटा ठाउँमा १४० वटा आयोजना छुट्याइएको छ। त्यस्तै तपाईंको झापामा १४ वटा योजना छुट्याएको छ। अनि कर्णालीमा तपाईंले हेर्नुभयो भने आज सबैभन्दा बढी वैकल्पिक सहायता राजमार्गको नाममा ६ अर्ब ५३ करोड ४० लाख रुपैया चाहि अपारदर्शी ढङ्गले बजेट चाहिँ राखिएको छ।

सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेशको समग्र बजेट ७ अर्ब ३६ करोड ४८ लाख १४ हजार हुन्छ भने एउटा तपाईंको चाहिँ जिल्ला दुईटा निर्वाचन क्षेत्रको बजेट ८ अर्ब हुन्छ तपाईं धनुषामा आज तपाईं दुई निर्वाचन तीन र चार निर्वाचन क्षेत्रमा हेर्नु भयो भने ८ अर्ब भन्दा बढी अरब छ त्यहाँ देखिन्छ। त्यस्तैगरी झापामा ७ अर्ब चाहिँ बजेट देखिन्छ। त्यो एउटा भौतिक पूर्वाधार मन्त्रालयको मात्रै हो। सम्माननीय अध्यक्ष महोदय, त्यसकारण कर्णाली प्रदेशलाई उपेक्षा गरिएको बजेट, कर्णालीबासी सधैं निराशा गराउने गरी आउने बजेट सरकारमा सम्बन्धित मन्त्रालयका खासगरी भौतिक र सहरी विकास मन्त्रालयका राता किताबहरू हामी कर्णालीबाट प्रतिनिधित्व गर्ने माननीयहरू सांसदले प्याकिङ गरेर सम्बन्धित मन्त्रालयका मन्त्रीहरूलाई बुझाउने अवस्था अब आएको छ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, हामी यो रातो किताब खासगरी यो सरकारका दुईटा मन्त्रालयबाट भौतिक र सहरी विकास मन्त्रालयबाट निकालिएका यो रातो किताब कर्णाली प्रदेशका जनताको तर्फबाट कर्णाली प्रदेशको उपहारको रूपमा हामीले चाहिँ यो मन्त्रालयमा चाहिँ हामीले पठाउने, प्याकिङ्ग गरी पठाउने हामीले त्यो खालको जमर्को गरेका छौं। यसलाई सुधार्नको निम्ति म सम्माननीय अध्यक्ष महोदय, आज अझै पनि म अनुरोध गर्न चाहन्छु। जुन चाहिँ तपाईंको अझै पनि अर्थ मन्त्रालयमा आज २२ अर्बको बिना शीर्षकको डल्लो बजेट र अन्य मन्त्रालयमा पनि मैले अघि बताएँ बिना शीर्षक राखिएको, डल्लो बजेट राखिएको छ। त्यो डल्लो बजेटबाट ५० प्रतिशत अझै पनि कर्णाली प्रदेशको सडक, जलस्रोत, पर्यटन र चाहिँ जाजरकोट,

रुकुम पश्चिममा भूकम्प पीडितहरूको पुननिर्माणको लागि चाहिँ छुट्याउन, बजेटमा यदि सुधार कर्णालीसम्म सम्पन्न हुने गरी पहल गरियोस्।

म सम्माननीय अध्यक्षमार्फत सम्माननीय प्रधानमन्त्रीजीलाई, अर्थमन्त्रीजीलाई र पूर्वाधार मन्त्री र सहरी विकास मन्त्रीको म चाहिँ गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। यदि यो, यो बजेटको पुनरावलोकन भएन र यदि कर्णाली प्रदेशको कर्णालीका चाहिँ जनताको आवाज यदि सुनिएन र यो कुरा चाहिँ फेरि पनि, फेरि पनि यो कुरा सुनिएन भने हामीले चाहिँ तपाई यदि साँच्चिकै त्यहाँका भूकम्प पीडितको पुनर्निर्माणको सन्दर्भमा यदि त्यो कुरा चाहिँ आएन भने र चाहिँ तपाई त्यहाँका सडकको बारेमा, कर्णालीको समग्र विकासको लागि पहिले चाहिँ सडक पूर्वाधार त्यहाँको चाहिँ पहिलो आवश्यकता हो। त्यसको निम्ति चाहिँ तपाईको चाहिँ कर्णाली, कर्णाली करिडोरलाई, हुम्लाको सदरमुकाम सिमीकोटसम्म सम्पन्न हुने गरी पहिलो त्यो कर्णाली करिडोरलाई चाहिँ सम्पन्न गर्नुपर्छ।

त्यस्तै प्रकारले चाहिँ तपाईंको चाहिँ जुम्ला के रे यो जुम्ला चाहिँ तपाईंको सुर्खेत, दैलेख, राकम कर्णाली, मान्मा र त्यसपछि तपाईको केरे यो नागमा हुँदै रारा सडक, त्यस्तै प्रकारले गमगढी-नाक्चा-नागमा सडक र त्यसपछि चाहिँ भेरी करीडोरलाई चाहिँ सम्पन्न गरेर डोल्पाको सदरमुकाम सम्म दुनैसम्म हामीले चाहिँ पुग्ने खालको सडकको पूर्वाधार बनाउन निम्ति त्यो सम्पन्न गर्नको निम्ति सरकारको चाहिँ त्यो खालको गम्भीर ध्यानाकर्षण होस् र चाहिँ यो बजेट फेरि पनि मैले दोहोर्याएर मैले भनें यो बजेट पुनरावलोकन होस्। यसमा correction होस् र जुन चाहिँ अपारदर्शी ढङ्गले चाहिँ जुन बजेट राखिएको छ, चाहे अर्थमन्त्रालयको नाममा होस्, चाहे भौतिक पूर्वाधारको नामा राखिएको बजेट होस्। चाहे अन्य मान्त्रालयमा राखिएको जुन बजेट छ। त्यो बजेटको ५० प्रतिशत कर्णाली प्रदेशलाई छुट्याउने काम गरियोस् । यति कुरा म राख्न चाहन्छु। र म सम्माननीय अध्यक्षमार्फत म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। सम्बन्धित मन्त्रालयको मन्त्रीको म गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय गंगा कुमारी बेलबासे समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य विष्णुदेवी पुडासैनी।

(१४:५९ बजे)<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u>सम्माननीय अध्यक्षज्यू, हामी सिद्धान्त र प्राथमिकता, नीति कार्यक्रम बजेटपछि हामी

मन्त्रालयगत बजेटको छलफलमा छौं। यसको सिलसिला यसको कडी कहीँ न कहीँ टुटेको छ। जसले गर्दाखेरि केही आलोचनाहरू आइ नै रहेका छन्। प्राथमिकता र सिद्धान्त आइसकेपछि सरकार पुनर्गठन भयो। पुनर्गठन मात्रै भएन त्यहाँको सरकारको साझेदार पक्ष नै फेरियो। सरकारमा भएको अदलबदल नयाँ मन्त्रीहरू र विभिन्न खालको चरणले गर्दाखेरि केही तालमेलहरू मिलेको छैन तर पनि हामी कहाँ एउटा ढङ्गले सबै कुराहरू परिवर्तन गर्ने जुन प्रचलन थियो। त्यसलाई परिवर्तन गरेर अघिल्लो मन्त्रीले ल्याएकै सिद्धान्तमा टेकेर त्यसैको आधारमा अगाडि बढेर नीति कार्यक्रम बजेट र अहिले मन्त्रालयगत छलफलमा हामी छौं। यो एउटा नयाँ परिवर्तन पनि हामीले सुरु गरेका छौं, यो एउटा राम्रो पक्ष रहेको छ।

त्यस्तै गरेर म वनको केही विषयहरूमा राख्न चाहन्छु, वन क्षेत्रको दिगो व्यवस्थापन गरी व्यावसायिक उपयोग गरिनेछ। बहुमूल्य जडीबुटी उत्पादन गर्ने र गुणस्तरीय बिरुवाहरू उत्पादन गर्ने प्रशोधन र संशोधन गरेर त्यसलाई बजारमा लगिने छ। बहुमूल्य जडीबुटीहरूको अनुसन्धान गरिने छ। वन्यजन्तु र मानव बीचको द्वन्द्वलाई कम गरिने छ। वन डढेलो रोकथाम गर्न सञ्चार माध्यमहरूबाट प्रसारण गर्ने, स्थानीय तहमा अन्तरक्रिया र प्रयोगात्मक सिकाइहरूको जानकारी दिने राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्र आरक्षण क्षेत्रको भूभाग असाध्यै धेरै भयो। यसले गर्दाखेरि हामीले हाम्रो वन मन्त्रालयको खर्च आधाभन्दा बढी यही संरक्षण क्षेत्रतिर खर्च भइरहेको छ। यसले गर्दाखेरि हामीले त्यहाँबाट उत्पादन गर्ने उत्पादनको भन्दा लागत बढी भएको मैले महसुस गरेको छु। यो जानकारी गराउन चाहन्छु।

यो २२ ओटा आरक्षण क्षेत्र सरकारले बढाइराखेको छ जसले गर्दाखेरि खर्च बढेको छ भन्ने मलाई लाग्दछ। राष्ट्रिय वन, सामुदायिक जोनहरू निर्माण गरेर जडीबुटी उत्पादन गर्ने, तालतलैया संरक्षण गर्ने, जैविक विविधताको संरक्षण गर्ने, वातावरण संरक्षण गर्ने र अन्तर्राष्ट्रिय राष्ट्रिय सम्मेलन गोष्ठीहरूमा आफ्नो क्षमता विकास गर्न र आफ्ना समस्याहरू राख्ने कुरा यो मन्त्रालयले ल्याएको छ ।

र यस्तै गरेर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव कार्य, मानवको क्षमता विकास गर्ने, भौतिक क्षमता विकास गर्ने, स्वास्थ्य क्षमता विकास गर्ने र सबै मानवहरूलाई चाहिँ त्यहाँ संरक्षण गर्ने एउटा मन्त्रालयको रूपमा स्थापना गरिएको छ। तर त्यसको बजेट अत्यन्तै कम छ र त्यहाँ युवा, महिलाहरूमा लगानी गर्ने भनिएको छ।बजेटमा मैले देखेको छैन। प्रधानमन्त्री छोरी कार्यक्रमको व्यवस्थापन त्यति त्यहाँ बजेटमा देखिएको छैन । यसको जवाफ मैले चाहन्छु र यस्तै गरेर ज्येष्ठ नागरिक अपाङ्ग महिलाहरूको क्षमता वृद्धि गर्ने भनिएको

छ, यसमा अत्यन्तै थोरै बजेटको व्यवस्था गरिएको छ। यसलाई बढाउनु पर्छ भन्ने कुराहरू म राख्न चाहन्छु र समग्रमा महिला मन्त्रालयको बजेट बढाउनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु।

यस्तै गरेर युवा तथा खेलकुद मन्त्रालय सभा सम्मेलन गर्ने, बैठक गर्ने, राष्ट्रिय अन्तर्राष्ट्रिय चाहिँ गोष्ठीहरू गर्ने भन्ने कुराहरू उसले ल्याएको छ यो एउटा मन्त्रालय छ, जसले खेलाडीहरूको क्षमता विकास गर्ने कुरामा त्यति धेरै बल गरेको देखिँदैन र खेल जगतलाई यसले यो बजेटले पुगेको छैन र यसलाई अझै राम्रो व्यवस्थापन गर्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। खेलकुद राष्ट्रिय अन्तर्राष्ट्रिय खेलकुदहरू गर्ने भन्ने कुराहरू ल्याएको छ। दशौं राष्ट्रिय खेलकुदको आयोजना गर्ने भनिएको छ केही बजेटको व्यवस्था गरिएको छ र यो समयमा होस् भन्ने कुराहरू म राख्न चाहन्छु। पुरस्कार स्वागत सत्कार राष्ट्रिय अन्तर्राष्ट्रिय विजेताहरूलाई चाहिँ पुरस्कारहरूको व्यवस्थापन गर्ने भन्ने कुराहरू ल्याएको छ। राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवहरूको आदानप्रदान गर्ने कुराहरू ल्याएको छ। र युवा प्रवर्धनको लागि नयाँ उद्यमशीलता विकास गर्ने कुराहरू त्यति देखिएको छैन। यसमा पनि सभा सम्मेलन, गोष्ठीहरू गर्ने कुराहरू मात्रै युवाहरूको क्षेत्रमा आएको छ। युवा उद्यमशीलता प्रवर्धन गर्नका लागि अलि राम्रो व्यवस्थापन गरे हुन्थ्यो अथवा कुन मन्त्रालयले गर्ने हो त्यो सरकारले अलि ठोस गरे हुन्थ्यो। यसैले हो भने थप कार्यक्रमहरू ल्याउन जरुरी छ भन्ने कुराहरू राख्न चाहन्छु र युवा महिलाहरूको सम्मेलन गर्ने कुरा थियो यहाँ व्यवस्था भएको म देख्दिनँ, यसको जवाफ पाउँ भन्ने कुराहरू म राख्न चाहन्छु। आगामी वर्षमा महिलाहरूको त्यो युवा, महिलाको सम्मेलनको बारेमा म जवाफ चाहन्छु। मन्त्रालयले बजेटमा आएका योजनाहरू लागू गर्न नीति, कार्यविधि र ऐन नयाँ बनाइनेछ भनेर सबै मन्त्रालयहरूले भनेको छ। कहिले बनाउने हो? ऐन नियम र नीतिहरू नबनाईकन लागू गर्न नसकिने भएको हुनाले समयमै नियम र नीतिहरू बनाउन भन्ने कुराहरू म राख्न चाहन्छु।

हामी विधायन समितिले उत्तरविधायकी परीक्षण गर्दाखेरि ६ वर्ष अगाडि बनेको कानुनमा नियमावली नबनेको कारणले ऐन लागू भएको रहेनछ।यस्ता घटनाहरू फेरि नदोहोरियुन् भन्ने कुराहरू म राख्न चाहन्छु र समयमै ऐन, नियम र कार्यविधिहरू बनाएर योजना र बजेट लागू होस् भन्ने कुराहरू म राख्न चाहन्छु।

सहरी विकासमा थुप्रै योजनाहरू छन् । थुप्रै योजनाहरू सहरी विकासले निर्माण गरिरहेको छ भन्ने कुरा मैले सुनिराखेको छु। र कति व्यवस्थित ढङ्गले त्यो आएको छ । त्यसभित्र पनि अलि अलि योजनाबद्ध तरिकाले आओस् भन्ने कुराहरू राख्न चाहन्छु र महिला मन्त्रालयको भवनहरू महिला मन्त्रालयले नै बनाउने भनेर बजेट व्यवस्था गरेको छ। किन सहरी विकासले महिला मन्त्रालयको बजेट, भवनहरू बनाउने योजना आउन सकेन? म यो दुइटै मन्त्रालयलाई

प्रश्न सोध्न चाहन्छु। भूमि व्यवस्थामा मैले मुख्य गरेर मुक्त कमैयाले पाएको सम्पत्तिमा १० वर्षसम्म बेचबिखन गर्न नपाइने भनेको छ, १० वर्ष नाघिसक्दा पनि बेचबखन गर्ने क्षमता त्यहाँ विकास भएको छैन र त्यहाँ कानुनले अवरोध गरेको छ र अहिले पनि कमैयाहरू हलिया चरुवाहरू बन्धक छन् भन्ने कुराहरू आएको छ। यसको व्यवस्थापन गरियोस् ।

गुठी विधेयक समयमै ल्याएर गुठीका समस्याहरू समाधान गरियोस्। यतिखेर पनि नेपाली जनताहरू रैतीको रूपमा गुठीका रूपमा कार्यरत भएका काम गरिरहेका छन् र तिर्नका लागि विभिन्न ठाउँमा धाउनु पर्ने अवस्था छ। हामी देश संघीयतामा गएका छौं। स्थानीय तहमा सुविधाहरू थपिएका छन् तर गुठीका समस्याका कारणले जनताले निकै दुःख पाएका छन् यसको समस्या समाधान गर्नका लागि यो मन्त्रालयले छिटो भन्दा छिटो विधेयक ल्याओस् भन्ने कुराहरू म राख्न चाहन्छु।

यस्तै गरेर भौतिक मन्त्रालयमा थुप्रै योजनाहरू छन्। यसलाई ठुला भौतिक निर्माणको जिम्मा सरकारले दिएको छ र त्यसो हुँदाहुँदै पनि ५ लाखका योजनाहरू राखेर आफ्नो डाटा ठुलै बनाएको छ र कतिपय योजनाहरू किताबमा योजना छन् तर पनि त्यसमा चाहिँ व्यवस्थापन गरिएको छैन। बजेट व्यवस्थापन गरिएको छैन। यो के गर्न खोजेको र किन ल्याइएको भन्ने कुराहरूको म जवाफ माग गर्न चाहन्छु। यस्तै गरेर उद्योगको कुरा गर्दाखेरि हाम्रो नेपालमै बनाउने नेपालीहरूले लगाउने, नेपालकै खाना खाने, हामी धेरै वर्षदेखि भन्दै आइरहेका छौं। त्यो कहिलेदेखि सुरु हुन्छ र कहिले त्यस्ता उद्योगहरू सञ्चालन हुन्छन्? त्यो रुग्ण उद्योगहरू कहिले हामीहरूले सुरु गर्छौं। यसको जवाफ मन्त्रालयलले दिनुपर्छ। बजेटमा हरेक वर्ष आउँछ, हामी रमाउँछौं, छलफल गर्छौं तर उद्योगहरू सञ्चालन भइराखेका छैनन् र यसमा फलाम उद्योगलाई हरेक वर्ष प्राथमिकतामा राखिएको छ तर पनि ती कामहरू पूर्ण भएका छैनन्। म सबै बजेटमा आएका योजनाहरू काममा पूर्ण हुन् भन्ने कुराहरू राख्न चाहन्छु र यो किताबमा लेख्ने कुरा भन्दा पनि कार्यान्वयनको अपेक्षा गर्दै आफ्नो भनाइलाई यहीँ अन्त गर्न चाहन्छु। हस्, धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय विष्णुदेवी पुडासैनी। समय १० मिनेट। त्यसपछाडि माननीय सदस्य रूक्मिणी कोइराला ।

(१५:०९ बजे)**माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, यो मन्त्रालयको विनियोजन विधेयक सम्बन्धमा आफ्ना विचारहरू राख्न गइरहेको छु। सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यो बजेट सन्तुलित नै हुन सकेन । यो बजेट कोही जनता काखा

कोही जनता पाखा गर्ने खालले आएको हुनाले वास्तवमै भन्ने हो भने यो बजेटमा जनताले चासै दिएको देखिएन। मैले पहिला नीति तथा बजेट आउँदाखेरि जनताले चासो दिन्थे, सबैले हेर्थे त्यो ग्रुप ग्रुप पनि भएको देखिन्थ्यो तर यो बजेट आउँदा जनताले कुनै चासो नै दिएनन् । त्यसले गर्दा यो बजेट साँच्चि नै भन्ने हो भने पक्षपाती भएको कारणले र जनताको मन नछोएको कारणले जनताले यो बजेटप्रति त्यति चाहिँ नि उँहाहरूको चाँहि नि बिचार एकदमै सकारात्मक जस्तो  देखिएन । यो चाहिँ नि पक्षपाती बजेट भएको हुनाले नै हो जस्तो मलाई लाग्छ। त्यस्तैगरी मैले अरूभन्दा पनि सबै मन्त्रालयको भनेर साध्य भएन यो बजेट साँच्चै नै अपारदर्शी भएको हुनाले माननीयज्यूहरूले खर्च कटौती गर्न राख्नुभएको प्रस्तावमा म पूर्ण रूपमा समर्थन गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म महिला मन्त्रालयकै बारेमा अलिकति कुरा राख्न चाहन्छु । आधा धर्ती ढाकेका महिला, भविष्यका कर्णधार बालबालिका, तपाईं हाम्रा अभिभावक ज्येष्ठ नागरिकहरूको मन्त्रालयमा छुट्याएको बजेट सबभन्दा कम छ। सम्माननीय अध्यक्ष महोदय, त्यसमा पनि कार्यक्रम तथा बजेट बनाउँदा सात प्रदेश, ७७ जिल्ला, ७५३ वटा स्थानीय नगरपालिका, स्थानीय निकायमा ३ करोड जनता छन् भन्ने कुरा ख्यालै गरेको देखिँदैन। सरकार सबैको साझा हुनुपर्छ। सरकारसँग सबै जनताले भरोसा गर्ने खालको हुनुपर्छ। सरकार भनेको पक्षपाती हुनुहुँदैन भन्ने कुरा पनि म यहाँ यो सदनमार्फत भन्न चाहन्छु।

त्यस्तैगरी बजेट साँच्चि नै भन्ने हो भने आठ दश वटा जिल्ला र मन्त्रीज्यूका आफ्ना ठाउँमा बढी चाहिँ नि लगिएको छ। यसले गर्दा वास्तवमै मन्त्रीज्यूको बजेट बाँडफाँटको चाहिँ तरिका चाहिँ एकदमै राम्रो भएन त्यसले गर्दा मन्त्रीज्यू, महिला मन्त्रीज्यू पनि गइसक्नुभयो, सुनसरीमै बढी बजेट राखिएको थियो। उहाँले पनि जवाफ दिनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु। त्यस्तैगरी म फेरि महिला  मन्त्रालयको कुरामा आउँछु, महिला तथा बालबालिका आधा धर्ती ढाकेका महिलाहरूको क्षमता अभिवृद्धि गर्ने, लैङ्गिक विभेद, घरेलु हिंसा, त्यसैगरी प्रजनन स्वास्थ्यसम्बन्धी आमाहरूको स्वास्थ्यसम्बन्धी यो चाहिँ नि आमाहरूलाई लाग्ने संवेदनशील रोगहरूको बारेमा जनचेतना जगाउने खालका पनि कुनै कार्यक्रम देखिँदैन। वास्तवमा भन्ने हो भने यो महिलाहरूको लागि पनि साँच्चि नै यो बजेटले कुनै उपचार गरेको जस्तो देखिँदैन। कुनै चाहिँ वास्तविक त देखिँदैन। त्यस्तै कर्णधार बालबालिकाहरूको शिक्षा, स्वास्थ्य उहाँहरूलाई पौष्टिक आहारा त्यस्तो कुनै कार्यक्रम देखिँदैन । त्यसले गर्दा यो बजेट साँचि नै आफ्नै ठाउँ र आफ्नै क्षेत्रलाई मात्र गरिएको देखिन्छ।

त्यस्तै तपाईं हामीलाई जन्माउने, बढाउने र हुर्काउने र पढाउने र प्रधानमन्त्री बनाउने मन्त्री बनाउने, सांसद बनाउने, हाम्रा ज्येष्ठ नागरिक आमाबुवाहरूको पनि यहाँ चाहिँ नि ख्याल गरिएको छैन। किनभने ज्येष्ठ नागरिक भन्या छ तर उहाँहरूको पनि साँच्चै नै कुनै त्यस्तो राम्रो व्यवस्था गरिएको छैन। यस्तै यस्तै धेरै कार्यक्रमहरू यो सरकारले ल्याएको छ धेरै जनताको भरोसा गर्ने ठाउँ नै दिएको छैन । बनावटी जवाफ दिएर मात्रै सरकारले जनतालाई

झुक्याइरहेको छ। अब त्यसो गर्न त्यति उपयोगी हुँदैन। त्यसले गर्दा म सरकारसँग के आग्रह गर्छु भने जनताको मन छुने कार्यक्रम गर्नुपर्यो । राष्ट्र र हाम्रो भविष्य यसैमा सुन्दर हुन्छ। भन्दै म अर्को गरिबी तथा गरिबी, भूमि व्यवस्था तथा गरिबी नियन्त्रण र सहकारी मन्त्रालयको बारेमा म अलिकति भन्न गइरहेको छु।सम्पूर्ण जग्गाको पुनः नापी गर्ने सम्बन्धमा लेखेको समग्रमा। जग्गा जमिनको नयाँ नापी गरी हालसाबिक गर्दा जग्गाधनीलाई सजिलो होइन, अप्ठ्यारो पर्ने गरेको छ भन्ने जनगुनासो छ।

साविक जग्गाको नापी नक्सा तयार गर्दा जग्गा जमिनको स्वरूप बिग्रेको छ। जसको कारण जग्गा जमिनको उपभोग र उपयोगमा धेरै झमेला र समस्याहरू झेल्नु परेको छ।२०२१ सालमा उपलब्ध जनशक्ति र प्राविधिक तयार गरी साविक नापी नक्सा एकातिर छ भने भोग चलन गरिएको जग्गा जमिन अर्कैतिर छ।नक्सा बमोजिमको जग्गा उपभोग गर्न सक्ने अवस्था नै छैन। जग्गा जमिनसम्म पुग्नको लागि नापी नक्सा अधिकाङ्श स्थानमा बाटो खुलाइएको छैन। साविक वडा तथा गाविसहरूको सिमाना जोडिएका स्थान त झन् नक्सा वनाउने फिल्ड मिलाउन निकै गाह्रो छ, मिलाउनै सकिँदैन। यस्तै यस्तै धेरै समस्याहरू छन्। उल्लेख्य समस्याहरू समाधान हुने गरी सरकारले सम्पूर्ण जग्गाको पुनः नापी गर्ने गरी कार्यक्रम बनाओस् र त्यसमा त्यसका लागि आवश्यक बजेटको पनि विनियोजन गरोस्।यसका लागि हाल जग्गाको नापजाँच गरी अभिलेख अद्यावधिक गर्नका लागि विनियोजन गरिएको बजेट अत्यन्तै कम छ, आवश्यकता अनुसार बजेट पनि बढाउन आग्रह गर्न चाहन्छु।

(१५:१५ बजे)**पीठासीनः** -माननीय गंगा कुमारी बेलबासे ।

**माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काँग्रेस)ः**-सम्पूर्ण जग्गाको पुनः नापी गरी नयाँ नक्सा तयार गर्न सम्बन्धित निकायसँग जनशक्तिको समेत अभाव छ। आवश्यक जनशक्ति तयार गरी परिचालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत समेटेर बेरोजगारलाई तालिम प्रदान गरी रोजगारी दिन सकिने, उनीहरूलाई दक्ष बनाएर सो कार्यक्रमलाई विनियोजन गरेको बजेटसमेत सदुपयोग गर्न म आग्रह गर्न चाहन्छु। जग्गाको नयाँ नापी गरी नक्सा तयार गर्न २०२१ सालमा जस्तै देशभरि अभियान चलाई त्यसको जनशक्ति १०० दिन मात्र होइन ३६५ दिनै रोजगारीको व्यवस्था गर्न सकिन्छ।त्यसतर्फ सरकारको ध्यान जाओस्। अब गरिने नयाँ नापीलाई जग्गाको स्वरूपसँग शोधान्तर गरी वर्गाकार र आयातकार वनाई जग्गासम्म पुग्ने बाटो समेत व्यवस्था गरी जग्गाको उपयोग गर्ने वातावरण बनाइयोस्, गर्न सक्ने बनाउनुपर्छ।यी कार्यका लागि अपुग हुने बजेट सम्बन्धित स्थानीय निकायमासमेत परिचालन गर्न सकिने र कानुन बनाई आग्रह गर्नुका साथै पुँजीगत लाभ करको दर बढाउनुभन्दा पनि घरजग्गाको कारोबार भएको मूल्य बराबरको थैली राखी जो कसैले पनि हक निखन्न पाउने कानुनी व्यवस्था गरी घरजग्गा कारोबारमा पुँजीगत लाभकर असुली लाभकर असुलीमा देखिएको समस्या समाधान भई

स्वचालित स्वरूप पुँजीगत रकम १० गुणासम्म बढ्नेछ। यसतर्फ पनि सरकारको ध्यान जाओस् भन्न म चाहन्छु।

त्यस्तैगरी सहकारीको बारेमा धेरै राम्रो थियो। किनभने सहकारीमा साँच्चि नै भन्ने हो भने गाउँघरका बुढापाका महिलाहरूले आफ्नै गाउँघरमा पैसा राखेर सहजसँग चाहिँ नि लेनदेन गर्न पाउँथे, उनीहरूको समस्या समाधान हुन्थ्यो। तर दुई चार जना टाठाबाठाले र पहुँचवालाले गर्दा आज सहकारीको यस्तो चाहिँ नि नराम्रोसँग वास्तविक जनता रोइरहेका छन्, बचतकर्ता रोइरहेका छन्। तिनीहरूको लागि पनि बचत फिर्ता गर्ने कार्यक्रम बनाउनुपर्छ। त्यस्ता ठगहरूको चाहिँ नि रकम त्यस्ता ठगहरूबाट रकम उपलब्ध गराएर बचतकर्तालाई दिनुपर्छ भन्दै यस्तो अवस्थामा पनि हामी चुप लागेर बस्यौं भने ती सडकमा सदा दिने हिँडेका, बचतकर्ताहरू रोएका कोही काहीं कस्तो अवस्थामा छन्।तीनको बारेमा हामीले सोच्ने कि नसोच्ने? त्यसैले गर्दा म सदन, यस सम्बन्धित सदनसमक्ष हार्दिक अनुरोध गर्दछु कि यो सहकारी ठगहरूलाई कारवाही गरेर जनताको पैसा तिर्नको लागि पनि म हार्दिक अनुरोध गर्दै बिदा हुन्छु। हवस् त, धन्यवाद।जय नेपाल।

<u>अध्यक्ष</u> -:माननीय सदस्य रूक्मिणी कोइराला समय ८ मिनेट।यसपछि माननीय सदस्य गोमा देवी तिमिल्सिना।

(१५:१९ बजे)**माननीय श्री रूक्मिणी कोइराला(नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-सम्माननीय अध्यक्षज्यू, अहिले हामी विनियोजन विधेयकका विभिन्न शीर्षकहरू माथि छलफल गरिरहेका छौं। हाम्रो देश नेपाल र हामी नेपालीहरूलाई कसरी सुखी नेपाली "सुखी नेपाली समृद्ध नेपाल" हामी नेपालीहरूलाई कसरी सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र दीर्घायु बनाउने भन्ने कुरामा हामी सबै अत्यन्तै चिन्तित देखिएका छौं ।यो स्वाभाविक पनि हो किनभने हामी आफ्नो आफ्नो क्षेत्रबाट सङ्कल्प बोकेर आएका छौं।जनताका हितका निम्ति काम गर्न आएका हौं।यहाँ तेरो मेरो भन्नु पर्ने केही देखिँदैन र छैन पनि ।

सम्माननीय अध्यक्षज्यू, आज देशका प्रमुख मेचीदेखि पश्चिम महाकालीसम्म अविरल वर्षाका कारणले बाढी, पहिरो ,चट्याङका कारणले धनजनको क्षति भएको छ। मानव क्षतिका लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।शोकसन्तप्त परिवारजनलाई हार्दिक समवेदना प्रकट गर्दछु। अझ भन्नुपर्दा कोशी प्रदेशको प्राय १४ जिल्ला दैवी प्रकोपबाट पीडित भएको छ। र करोडौंको धनजनको क्षति भएको छ। धनजनको क्षतिलाई लाई हेरी उद्धार र राहतको व्यवस्था छिटोभन्दा छिटो गर्न सम्माननीय अध्यक्षज्यूमार्फत् सरकारसँग माग गर्दछु।

सम्माननीय अध्यक्षज्यू, महिला र बालबालिका ज्येष्ठ नागरिक मन्त्रालयको तुलनामा संवेदनशील, risk र चुनौतीपूर्ण रहेको छ। यो मन्त्रालय अति नै जिम्मेवारीपूर्ण छ। यसमा ज्येष्ठ नागरिक, जन्मेका दिनदेखि पाँच वर्षका बालबालिकाको अति जोखिम उठाउने, महिला

बालबालिका, अपाङ्गता भएका एकल महिला हरेक स्थानीय तहमा सामाजिक र न्यायका लागि पछाडि पारिएका वर्गहरू, समाजभित्र रहेका रूढीवादी सोच, परम्परा, सामन्तवादी चिन्तनका कारण समाजलाई अघि बढ्न तगारो बनेर बसेको छ। त्यसलाई चिर्दै, ज्येष्ठ नागरिकको सहारा बन्दै, बालबालिकाको माया र भविष्य बन्नुपर्छ जस्तो मलाई लाग्छ।

नेपालको संविधानमा महिलाको हकमा सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य र महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, शारीरिक, मानसिक शोषण, यसैगरी प्रत्येक व्यक्तिलाई धर्म, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, भाषा, क्षेत्र, वैचारिक आस्थाको आधारमा भेदभाव गरिने छैन भनेपनि कसैले भेदभाव गरे कानुन बमोजिम दण्डनीय हुनेछ भने पनि स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भ अवस्था, आर्थिक अवस्था अन्य सामाजिक मूल्य र मान्यतालाई हेरी सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुनिश्चित गर्नुपर्छ।खास यो मैले मलाई भन्नुपर्दा महिला मन्त्रालयको यो विवाद जस्तो मलाई लागेको छ। जस्तै जातका आधारमा हुने छुवाछुत, कमलरी प्रथा, झुमा, देउकी, छाउपडीलगायत अन्य हिंसा पीडित समुदाय, महिला, ज्येष्ठ नागरिक, एकल महिलाहरूलाई आयआर्जन र मानव विकासको लागि मन्त्रालयले सम्बोधन गर्नुपर्ने देखिन्छ। छाउपडी जस्ता जघन्य अपराधलाई छिटो भन्दा छिटो अन्त्य गर्ने र त्यस ठाउँका पीडितहरूलाई मानवीय शिक्षा दिएर आत्मनिर्भर बनाउन आवश्यकता देखिन्छ। मन्त्रालयलले ज्येष्ठ नागरिकहरूलाई लक्षित गरेर कार्यक्रम बजेट ल्याएको छ। तर त्यो बजेट अलिकति मलाई लाग्छ, त्यो बजेटमा धेरै जसो भवन निर्माण चाहिँ भवन निर्माणमा र संघ संस्थाको भवन निर्माण गर्नेमा बढी देखिए जस्तो लाग्छ। मानव संसाधन विकासमा बजेट अपुग भएको मैले महसुस गरेको छु।

सम्माननीय अध्यक्षज्यू, यो मन्त्रालयले थोरै थोरै भएपनि केही समस्यालाई न्यूनीकरण गर्ने गरी वार्षिक विकास कार्यक्रम विनियोजित बजेटको सारांश २०८२ ल्याएको छ।यो बजेटले अनुमान गर्दा सकभर प्रायः सबै जिल्लालाई २/४ ,२/४ वटा भएपनि समेटेर कार्यक्रम ल्याएको जस्तो देखिन्छ।यो बजेटले सबै जिल्लाका कम्तीमा २ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने ती स्थानीय तह र अन्य गरी मानव विकास सूचकाङ्कमा पछाडि परेका जम्मा १११ स्थानीयतहमा सुधार कार्यक्रम सञ्चालन गर्ने भनिएको छ। र १०० भन्दा बढी स्थानीयतहमा महिला उद्यमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन गर्ने भनिएको छ। महिला हिंसा विरुद्ध १६ दिने अभियान प्रायः देशैभरि गर्ने भनिएको छ। महिला हिंसाविरुद्ध सम्बोधनका लागि एकीकृत कानुन निर्माण गर्नुपर्ने देखिएको छ। संशोधनको लागि, लैङ्गिक हिंसा निवारण कोषमा रकम जम्मा गर्ने भनिएको छ।यस्तै अन्य बेवारिसे महिला, बालबालिका विरुद्धको हिंसा र जोखिममा परेका बालबालिकाको उद्धार, बाल हेल्पलाइन जडान गर्ने जस्ता कार्यक्रम छन्। जन्मदर्ता तथा पहिचानको अधिकारबाट वञ्चित भएका, जोखिममा परेका संस्थागत स्याहारमा रहेका बालबालिकाको जन्म दर्ता, निर्माण तथा पहिचानको अधिकार कार्यान्वयनका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँगको सहकार्यमा सहयोग गर्ने भनिएको छ।छाउपडी जस्ता जघन्य अपराधलाई अन्त्य गर्नको लागि अभियान सञ्चालन गर्ने, चलाउने लगायत महत्त्वपूर्ण

विषयहरूमा योजनाहरू परेको देखियो। समग्रमा हेर्दा केही कमी कमजोरी भए पनि विनियोजित बजेट राम्रै देखिएको छ र म समर्थन पनि गर्न चाहन्छु।उद्योग वाणिज्य संघले दिगो उद्योग विकासलाई ध्यानमा राखेर दिगो उद्यमी,, व्यवसायीलाई पहिचान गरी बजेट विनियोजन गर्दा राम्रो हुन्छ। मैले यसलाई अलिकति सबै कुराहरू यहाँ अटाउन नसकेर छोटकरीमा यहाँ ल्याएको छु।बुझिदिनुहुन अनुरोध गर्दै महिला उद्यमी प्रोत्साहित गर्न वा दिगो विकास गर्न महिला उद्यमीलाई बजेट थप गर्नु पर्छ जस्तो मलाई लाग्छ।

वनमा अहिले हाम्रो देशलाई जलवायु परिवर्तनले गर्दा हरेक जनमानसमा असर परेको छ।त्यसलाई न्यूनीकरण गर्न वातावरण विषयलाई ध्यान दिएर वृक्षारोपणका लागि बजेट थप गर्नु पर्छ र अन्य रचनात्मक कार्यक्रमहरू ल्याउन जरुरी देखिन्छ।गरिबी निवारण गर्ने सहकारी तथा गरिबी निवारण गर्ने कार्यक्रममा विनियोजित बजेट कम भएको छ। त्यति बजेटले गरिबीको के निवारण हुन सक्छ। त्यसो भएको हुनाले बजेट थप गर्नु पर्ने देखिन्छ। सहरी विकास मन्त्रालयले पनि राम्रै बजेट विनियोजन गरेको छ तर हाम्रो योजना चाहिँ परेको छैन किन? भौतिक ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u> -:माननीय सदस्य गोमा देवी तिमल्सिना ।समय ८ मिनेट।त्यसपछि माननीय सदस्य सुरेश कुमार आले मगर।

(१५:२८ बजे)<u>गोमादेवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-</u> सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूले कोठाबाट पनि हेरिरहनु भएको होला। टिभीमा म दुःखका साथ भन्छु आज के रे हाम्रो वहाँ महाधिवेशन चलिराखेको छ, अरूको जिल्लाका भेला हुँदाखेरि पनि सबै काम रोकिएको थियो। सदन रोकिएको थियो।हामीले त्यो कुरालाई कहिले आपत्ति मानेनौं। त्यसमा पनि मेरो त पालो आउला आउला भन्दाभन्दै अहिले बल्ल बल्ल नाम पत्ता लगाउनु भएछ, यो गर्न मिल्थ्यो कि मिल्थेन, मलाई दुःख लागेको छ, म दुःखका साथ भन्छु। म मेरो पार्टीके तर्फबाट भन्छु। समयमा कम्तीमा नि दुईजना, तीन जनाले बोल्दा मलाई बोलाइदिएको भए हुन्थ्यो नि।नामै नचिनेर हो कि? धन्यवाद । त्यसको लागि पनि म धन्यवाद दिन्छु। विचारको हिसाबले फरक हो कि, के हो? म यो जान्दिनँ। अध्यक्षज्यूले हेरिरहनु भएको होला उहाँलाई धन्यवादै भन्छु।

अब धेरै जनाले भौतिकका कुरा उठाइसक्नुभएको छ। अब माननीय मन्त्रीज्यूलाई कति भन्ने ।अब मैले पनि अलिकति भौतिकका कुरा, भौतिक मन्त्रालय अन्तर्गतका केही कुराहरू उठाउनु पर्‍यो भनेर सोचेको थिएँ। अरू धेरै आए धेरै मध्येको म एक दुईवटा कुरा मात्रै उठाउन चाहन्छु। यो धनुषा आउने बेलामा धनुषा जिल्लाको नाम भन्दा सर सर सर सर त्यो बजेटमा मात्रै लेखिएको छ। त्यो जिल्ला लेख्न सायद अब मन्त्रीज्यूको जिल्ला भनेर धेरैले थाहा पाइहाल्छन्, टक्क नजरमा पर्छ भनेर हो कि? मैले सर्र हेरें धनुषा आउँदाखेरि चाहिँ जिल्ला

भन्दाखेरि नि कार्यक्रम लेखिएको थियो। यसो गर्दाखेरि अलि मान्छेलाई गोलमटोल हुने खालको स्थिति देखिन्छ।

अर्को कुरा के छ भने जिल्लाका विभिन्न जिल्लामा रकम कहीं धेरै कहीँ थोरै परे। कहीँ चित्त बुझ्यो, कहीँ चित्त बुझेन। धेरै माननीयज्यूहरूले उठाइसक्नु भएको छ, अब मैले यसलाई धेरै उठाउन चाहिनँ। जिल्ला बने सर्र एउटै पेजमा सबै जिल्ला मकवानपुर लेख्नु छ भने एउटा नअटे दुईटा, कतिवटा अनि धनुषा लेख्ने हो भने त्यसरी नै सबै एउटा पेजमा पेजवाइज लेखे हुन्थ्यो नि। त्यो कार्यक्रम पऱ्यो कि परेन भनेर ४ पेजमा छ अनि एकैचोटी लास्टमा छ, अनि मान्छेलाई गोलमटोल बनाएर अनि यस्तो चाहिँ भौतिकको मात्र होइन अरू मन्त्रालयहरूको पनि यस्तो छ। यस्तो गर्दाखेरि वास्तवमा जनमानसलाई एउटा उत्तेजना बनाउने, मेरो त पर्दै परेन भनेर उ पहिल्यै उफ्रिसकेको हुन्छ।अनि पछि हेर्दै जाँदा परेको हुन्छ।अब धेरै थोरै जे सम्बोधन भए पनि त्यस्तो त्यो पेजलाई नै पछाडि अगाडि पार्दाखेरि त्यो माननीयज्यूहरूले असहमति पनि जनाउनु भएको छ।यस्तो कुराहरूलाई  ध्यान दिनुपर्छ भन्ने लाग्छ।

अनि कति ठाउँमा मैले हेरेँ, भौतिकको पनि मैले हेरेँ, एउटै कार्यक्रम, एउटै जिल्लामा एउटै कार्यक्रम दोहोरिएको छ । किन दोहोरियो त्यसरी? एउटै कार्यक्रम दोहोरिन हुन्छ? एउटै जिल्लामा दोहोऱ्याई, दोहोऱ्याई दिने एउटै कार्यक्रमको लागि एउटै जिल्लालाई दोहोऱ्याई दोहोऱ्याई रकम बाँडफाँट गरिदिने, यो राम्रो कुरा हो? यो राम्रो कुरा होइन।अब पहिला पनि हामीले भन्यौँ । पहिला पनि थियो, अहिले पनि छ, भोली पनि होला, हामीले यहाँ जति बोले पनि यो ह्रस्व दीर्घ पनि तल माथि हुँदैन।हामीले यहाँ बोल्नको लागि, सुन्नको लागि, यहाँ बोल्न नजानेर तालिम लिन आएको जस्तो गरी बोल्ने मात्रै हो, यो तल माथि  केही हुँदैन।

अब मैले अलिकति विषय फेरेँ। यो मिटरब्याजीहरू सडकमा छन्, बर्खे झरी छ, बर्खे झरीमा विभिन्न ठाउँमा आन्दोलनमा छन्। अनि सरकारले दमन गर्छ। उनीहरूले सरकारी बजेटबाट रकम ल्याउ भनेको होइन। उनिहरूले मागेको के हो भने हाम्रो deposit गरेको, हाम्ले सहकारीमा जम्मा गरेको रकम हाम्ले पाउनु पर्छ भनेको हो।अब हाम्रो यहाँ ज्येष्ठ नागरिकको पनि हामीले धेरै कुरा उठाइसकेका छौँ। ज्येष्ठ नागरिकहरूले भोलि थला परेको बेलामा खान हुन्छ भनेर उनीहरूले कनिकुथी गरेर जम्मा पारेको रकम आज सबै ठगहरूले खाइदिएका छन्। अनि ती ठगहरूलाई कारबाही गर्न हामी सक्दैनौं।अनि हामी तिनका बारेमा सबै धेरै कुरा उठाउन पनि सक्दैन। किन सक्दैनौं? बदमासी गर्नेले कारबाही सहनुपर्दछ।जसले बदमासी गरेको छैन उसलाई हामीले धन्यवाद दिनु पर्छ। अनि सरकारको काम जनतालाई दमन गर्ने होइन उनीहरूलाई, कसरी उनीहरूलाई राहत दिनुपर्छ? अब गृहमन्त्री नै जोडिनुभएको छ।

सहकारी घोटालामा अनि उहाँकै मन्त्रालयले  के रे दमन गर्छ। यो कुन खालको तरिका हो।अब यो तरिकालाई हामीले जो जो मन्त्री भएपनि, जो सांसद भएपनि गलतलाई हामी गलतै भनौं, सहीलाई हामी सही नै भनौं।गलत गर्नेले कारबाही सहनै पर्छ । सही गर्नेले उसले धन्यवाद पनि पाउनुपर्छ। अब कहिले कहिले यहाँ हामी सरकार ढुकुटीबाट पनि दिनुपर्छ भन्नेपनि

कतै कतै आवाज निस्किन्छ। सरकारी ढुकुटीबाट होइन त्यो, जो, जोले घोटाला गरेका छन्, जो जोले ठगेका छन उनीहरूको तिन पुस्ता, सात पुस्ताको रकम असुलेर अनि त्यस पछाडि ती मिटरब्याजी के रे सहकारीपीडितलाई दिनु पर्छ। मैले मिटरब्याजी भनेँ क्यारे मैले सहकारीको कुरा गरेको हो।सहकारी पीडितलाई चाहिँ यो दिनु पर्छ भन्ने कुराहरू म राख्न चाहन्छु।अब मेरो आज बोल्ने मुड पनि थिएन। मैले २/४ शब्द बोलिहालेँ । मेरो time अझै छ क्यारे ।बिदा लिएँ। धन्यवाद।

**अध्यक्षः-**सुरेश कुमार आले मगर । समय ८ मिनेट। त्यसपछि माननीय सदस्य नारायण दत्त भट्ट ।

(१५:३५ बजे)**माननीय श्री सुरेश कुमार आलेमगर(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-**सम्मानननीय अध्यक्ष महोदय, हामी मन्त्रालयगत बजेटहरूमाथि छलफल गर्दैछौं। बजेटका सन्दर्भमा विभिन्न कुराहरू आए। यो बजेट जनताले चासो नदिएको बजेट निर्माणमा मूल्यमान्यता विपरीत भएको आदि इत्यादि मापदण्ड पनि नलिएको आदि इत्यादि कुराहरू आए। मलाई चाँहि त्यस्तो लाग्दैन । त्यस्तो टिप्पणी, त्यस्तो भनाइ, सायद अलिकति एकाङ्गी खालको पूर्वाग्रही खालको भयो कि।यदि त्यस्तो हो भने पनि एउटा कारण के हो त भन्दाखेरि बजेट आउने निश्चित थिएन।बजेट कसरी आउने हो? आउने हो कि नआउने हो? त्यो पनि थाहा थिएन। किनकि प्रतिपक्षी माननीयज्यूहरू त्यतिबेला आन्दोलन गर्दै हुनुहुन्थ्यो ।नारा जुलुस गर्दै हुनुहुन्थ्यो र यो राष्ट्रिय सभाको इतिहासमा कहिल्यै नभएको बेल घेराउ गर्दै हुनुहुन्थ्यो। त्यसकारणले मन्त्रीज्यूले समुचित सरसल्लाह गर्न पाउनु भएन कि? त्यसकारणले पनि यस्तो बजेट आएको हो कि भन्नेतिर पनि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्दछ।र मलाई चाहिँ के लाग्छ भन्दाखेरि पूर्वाग्रही नगरीकन भन्दा यो बजेट विभिन्न आर्थिक मन्दी, कोरोनाले थिलथिलो पारेको विश्व अर्थतन्त्र, त्यस रुस-युक्रेन युद्ध, त्यसपछि इजरायल-हमास युद्ध, प्यालेस्टाइन, हमास युद्ध आदि इत्यादिले थिलथिलो पारेको अर्थतन्त्र, जसमा नेपाल अछुतो रहन सकेन। स्रोत साधनहरूको सीमितता, गठबन्धन सरकार, यी सबै कुराहरूले गर्दाखेरि त्यति सारो ध्यान दिन पाउन सक्नु भएन होला तर त्यसका बावजुद पनि यो बजेट जुन आयो। मलाई पनि के लाग्छ भन्दाखेरि यो सन्तुलित नै छ, तुलनात्मक हिसाबबाट यो वस्तुवादी नै छ। वर्तमान अर्थमन्त्री वर्षमान पुन 'अनन्त' वास्तवमा अनन्त आकाशमा उड्ने चिल जस्तै क्षमता राख्नुहुन्छ तर परिस्थिति र बाध्यताले कुखुरा जस्तै भुइँ खोस्रिने, फुत्त फुत्त उँड्ने बाध्यतामा पर्नुभयो होला। त्यसकारणले पनि सायद यस्तो आएको हुनसक्छ, केही माननीयज्यूहरूले भन्नु भएको कुरालाई विचार गर्ने हो भने ।

र एकै जिल्लामा थुपारेको भन्ने कुराहरू पाएँ मलाई त्यस्तो पनि लाग्दैन ।कुनै कुनै जिल्लामा त्यस्तो छ भने पनि त्यसलाई generalize गरेर भन्न चाहिँ मिल्दैन जस्तो मलाई लाग्दछ।जुन जिल्लामा थुप्रै छ, त्यही जिल्ला भन्नु पर्यो। समग्रमा सोरपट्यार लगाएर जुन भनियो त्यो पनि ठिक किसिमले भएन कि भन्ने मलाई लाग्दछ। र यस मन्त्रालयगत जाँदाखेरि र यो वन तथा वातावरण मन्त्रालयमा जुन बजेट १५ अर्ब ७० करोड विनियोजन भएको छ।यसमा जलवायु परिवर्तनको विषयमा ध्यान दिनु पर्छ भन्ने मलाई लाग्दछ।त्यसो गरिरहँदा जलवायु परिवर्तनले ल्याएका समस्याहरूलाई समाधान गर्ने सम्बन्धमा

आदिवासीहरूको ज्ञान, अनुभव, सिपलाई पनि ध्यान दिनुपर्छ। त्यसतर्फ पनि बजेट विनियोजन गर्नुपर्छ भन्ने मलाई लाग्छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय जुन छ, यसमा जुन बजेट विनियोजन गरिएको छ, माननीयज्यूहरूले त थोरै भन्नुभयो। साह्रै धेरै त होइन होला। तर यो तुलनात्मक रूपबाट हेर्दाखेरि २१ वटा मन्त्रालयमध्ये चौथो सबभन्दा ठुलो बजेट यो मन्त्रालयमा विनियोजन गरिएको छ एक अर्ब १६ अर्ब के यो थोरै हो र? त्यस्तो मलाई लाग्दैन। त्यसैले हामीले टिकाटिप्पणी गर्दाखेरि पनि, आलोचना गर्दाखेरि पनि वस्तुवादी भएर गर्दा हुन्थ्यो भन्ने अनुरोध गर्न चाहन्छु। बरू यसमा मलाई के लाग्छ भन्दाखेरि महिलामा त ध्यान दिएकै छ। तर बालबालिका र तेस्रो लिङ्गीमा त्यति सारो ध्यान दिएको छैन त्यता ध्यान दिनुपर्ने हुन्छ र युवा तथा खेलकुद मन्त्रालयमा जुन ३ अर्ब ५० करोड विनियोजन गरेको छ।त्यो चाहिँ करिब करिब थोरै नै हो। यदि अनुत्पादक क्षेत्र तर त्यो क्षेत्र त्यस्तो क्षेत्र हो जसले देशको नाम, इज्जत राख्दछ, त्यसैले त्यता ध्यान दिनुपर्ने हुन्छ। त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा चाहिँ पनि कमै यो मन्त्रालयमा चाहिँ कम बजेट विनियोजन करिब ९ अर्ब २८ करोड मात्रै उद्योग वाणिज्यमा जोड दिनुपर्ने हुन्थ्यो त्यतातिर ध्यान दिइएको छैन।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सहकारीको बारेमा अलिकति वैज्ञानिक तरिकाले ध्यान दिनुपर्ने हुन्छ भन्ने मलाई लाग्दछ। त्यसैगरी यो भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बारेमा केही कुराहरू राख्न चाहन्छु म । यसमा अरू कुराहरू त मेरो कुरा त्यतिसारो भन्नु केही छैन, १/२ ओटा कुराहरू जस्तै एउटा यो २२ नम्बर पेजको २७ को component नं. ३७ मा विभिन्न ठाउँहरूको नाम हुँदै जयभद्रकाली, तौलुङ स्कुल, हुँदै शेरबहादुर देउवाको घर, द्रोणपथ वडा नं ३ को सामुदायिक भवन आदि इत्यादि लेखिएको रहेछ। त्यसकारण व्यक्तिको नामै पनि उल्लेख गर्नु पर्ने हुन्थ्यो होला र यो रातो किताबमा? भन्ने एउटा जिज्ञासा राख्न चाहें।त्यसैगरी यो पृष्ठ १०७ मा योजनाको नाम छ नयाँ बानेश्वरमा under pass तर अख्तियारी जिल्ला ललितपुर लेखेको रहेछ। अख्तियारी कार्यालय होइन कि जिल्ला, नयाँ वानेश्वर त काठमाडौंमा छ। तर यो ललितपुर जिल्ला किन लेखियो यो मैले जिज्ञासा राख्न चाहें।

र यी भौतिक पूर्वाधार मन्त्रालयकै सन्दर्भमा यो ३९ पेजमा चाहिँ के छ भन्दाखेरि ४४५ नम्बरमा बार्षिक योजनामा नाम छुटयाउन, छुट्न सँगसँगै छुटेका, गत आर्थिक वर्ष निर्माण भई भुक्तानी बाँकी भएका पुलपुलेसाको लागि छुटयाइएको रकम भनेर छुटयाइएको छ।वार्षिक योजनामा लामो समयसम्म किन छुटयो? कसको लापरबाहीले छुटयो? यता ध्यान दिन पर्छ जस्तो मलाई लाग्छ र यही भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकै सन्दर्भमा यो एउटा मैले, मैले दिएको थिएँ। मेरो निर्वाचन क्षेत्र, गण्डकी प्रदेशको म्याग्दी जिल्ला अन्तर्गत धवलागिरी गाउँपालिका वडा नम्बर १ गुर्जा हालसम्म पनि सडक सञ्जालसँग जोडिएको छैन।

र त्यहाँका जनताको लागि जीवनको कष्टकर बनेको छ, त्यसैले मैले त्यो जोड्नका लागि वडा नम्बर २ को लुलाङ देखि वडा नम्बर १ को गुर्जासम्म १५ किलोमिटर सडकमा ट्र्याक खोल्नका लागि १० करोड बजेटको लागि अनुरोध गरेको थिएँ। तर त्यो परेन छ। र मैले अर्थमन्त्रीज्यूलाई पनि दिएको थिएँ, त्यो परेन छ।त्यसैले कुनै प्रकारले यो बाँडियोस् भनेर अनुरोध

गर्न चाहन्छु। र माननीय भौतिक पूर्वाधारमन्त्री यहीँ हुनुहुन्छ।यो सडक सञ्जालमा जोड्नका लागि।

त्यसैगरी मुग्लिनदेखि नारायणघाट जाँदाखेरि बाढी पहिरोले धेरै असर पार्छ, बाटोघाटो भत्किरहन्छ। त्यसैले त्योदेखि पारी तनहुँ जिल्ला हुँदै यो चाहिँ चितवन जिल्ला हुँदै गयो, तनहुँ जिल्ला हुँदै वैकल्पिक बाटो खोल्नका लागि पनि म अनुरोध गर्न चाहन्छु। त्यसको लागि पनि बजेट व्यवस्था गरियोस् भन्न चाहन्छु।

र सम्माननीय अध्यक्ष महोदय, हामीले बजेट पास गरिसकेपछि हामीले बजेट पास गरिसकेपछि यो बजेट हाम्रो अधीनस्थ हुँदैन। कर्मचारीतन्त्रको अधीनस्थ हुन्छ । त्यसैले त्यो बजेट, त्यसैले त्यसमा कर्मचारीको इमान्दारिता त्यतिबेला चाहिन्छ र मैले अलिकति फरक कुरा राख्न चाहें हुन त आज छैन जस्तो अर्थ मन्त्रालयको, अर्थ मन्त्रालय अन्तर्गत पर्ने त्यो निम्न कोटिको मदिरामा चाहिँ ३% बाट २०% कर लगाइएको रहेछ। त्यसमा चाहिँ विचार गरियोस् र कम्तीमा ल्याईयोस्। र मेरो निर्वाचन मेरो गाउँ चुँदीभरा कुलोको धेरै बिजोग भइरहेको छ। ३/३ ओटा बजेट गइसक्यो र त्यसमा ध्यान दिइएको छैन।धेरै कम पैसा परेको छ। त्यसमा हुन त यो पनि त्यो आज छैन, मैले यो कुरा राख्न चाहें । अन्त्यमा हामीले यो छलफल गरिरहेका छौं तर फुलस्टप, कमा चाहिँ नहट्ने हो भने छलफल गर्नुको के औचित्य हुन्छ र भन्ने मलाई लाग्दछ।छलफल गरेर पास हुने आधार मिलाइयोस् र यो बजेट पारित भइसकेपछि इमान्दारीपूर्वक कार्यान्वयन गर्ने व्यवस्था बनोस्, सबै यसमा लागौं .....(समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u> -:माननीय सदस्य नारायणदत्त भट्ट । समय १० मिनेट । त्यसपछि माननीय सदस्य जग प्रसाद शर्मा।

(१५:४४ बजे)<u>माननीय सदस्य नारायण दत्त भट्ट(नेपाली काँग्रेस)</u>:-सम्माननीय अध्यक्षज्यू, सबै आदरणीय माननीयज्यूहरू मैले यो बजेटको सबै माननीयहरूले कुरा राख्दै गर्दा म एउटा निष्कर्षमा पुगें। आँखामा पट्टि बाँधेर घैला फुटाउने एउटा खेल खेलिन्छ, जोले त्यो घैला फुटाउछ त्यसले पुरस्कार पाउँछ। त्यसो भएको हुनाले बजेट बनाउने बेला अर्थमन्त्रीले राम्रै सोचका साथ बनाउनुभएको होला तर मन्त्रालयमा जाँदाखेरि त्यही घैला फुटाउने काम झैं भाछ।यो प्रसङ्ग मैले किन भनें भने आज यथार्थपरक आवश्यकता अनुसार बजेट गएको देखिँदैन र हाम्रो यस्तै वितरण प्रणाली रह्यो भने यो त्यही ठ्याक्कै पञ्चायतकालीन अवस्थामा हामी फर्कियौं कि जस्तो देखिन्छ। व्यवस्था परिवर्तन भए पनि हाम्रो अवस्था चाहिँ परिवर्तन भएको यो बजेटले देखाउँदैन। जो मन्त्री हुने उसको निर्वाचन क्षेत्रमा जाने, अनि जो अलि शक्तिशाली भयो भने उहाँको जिल्लामा जाने र हामी जस्ता माननीयहरूले भनेको कुराको हामीले पनि कुनै घर बनाइदिनुस्। वा मेरो घर जाने बाटो बनाइदिनुस् भन्या छैनौं । सबै आदरणीय माननीयज्यूहरूले जिल्लाको अप्ठ्यारोमा परेका जनताहरूको सुविधाका लागि यो बजेट उन्मुख होस् भन्ने इच्छा

राख्नुभएको थियो। र हामीले तीन महिनासम्म यो बजेटमा चर्चा गर्यौं। तर भयो कि भन्ने हात्ती आयो, हात्ति आयो फुस्सा भयो। मेरो विनम्रताका साथ अनुरोध के हो भने अघि हाम्रो माननीयज्यूले पनि कुरा उठाउनुभयो। खेलकुद क्षेत्र यस्तो क्षेत्र हो जसले अन्तराष्ट्रिय लेभलमा राष्ट्रको झण्डा उँचा हुन्छ र त्यो खेलाडीहरू यस्ता छन्, हिमालमा जन्मेको होस्, पहाडमा जन्मेको होस्, तराईमा जन्मेको होस् ,आफ्नो घरको मिठो नमिठो खाना खाएर यो राष्ट्रका लागि समर्पित हामी त्यस्तो कुरामा पनि ध्यान दिन सक्दैनौं भन्ने के कुरामा चाहिँ ध्यान दिन्छौं।

अनि हामी युवा पलायनका कुरा गर्छौं।आज यो राष्ट्रका लागि झन्डा बोकेका खेलाडीहरू असुरक्षित छन्। उमेरमा खेले र उमेर गइसकेपछि उनको जिम्मेवारी राज्यले लिनुपर्छ कि पर्दैन? राज्य त सबैको होला नि अन्तिममा मान्छेले खोज्ने राज्य नै हो। त्यसकारणले यो खेलको कुरा चाहे त्यो झापा होस्, चाहे त्यो महाकाली होस्। खेल क्षेत्रमा लागेका बडा दुःखका साथ बोल्नुपर्छ म एउटा सुदूरपश्चिम प्रदेशबाट माननीय भएर आएको सुदूरपश्चिमले तीनवटै विभागीय टोली हेर्नुस् चाहे तेक्वान्दोको कुरा गर्नुस्, चाहे बक्सिङको कुरा गर्नुस्, चाहे भलिबलको कुरा गर्नुस्, चाहे फुटबलको कुरा गर्नुस्, यो राष्ट्रलाई एक से एक खेलाडी दिएको छ।

तर २०६८ सालमा छैटौं राष्ट्रिय खेलकुद हुँदै गर्दा धनगढीको कैलालीमा बनाइएको रङ्गशालाको दुईटा प्याराफिट मात्रै वनाइएको छ। त्यतिबेला पनि म कांग्रेसको तर्फबाट प्रतिनिधि थिए। मैले खेलकुदका सदस्य सचिव युवराज लामाजीलाई भने यो अन्तर्राष्ट्रिय लेभलको बनाउन त जब हामीसँग जमिन छ, प्याराफिट पछाडि सार्न सकिन्छ र यसलाई कम्तिमा १० लेनको बनाउँ भन्दा त्यतिबेला जबरजस्ती गरियो र ८ लेनको बनाइयो । त्यो अहिले चाहिँ त्यो खेल ग्राउन्ड इन्टरनेसनल लेभलको मान्यता प्राप्त छैन। त्यति मात्रै भएन प्राविधिकसँग विवाद भयो, मुद्दा तपाईंको चाहिँ आयोगमा पर्यो। भ्रष्टाचार निवारण आयोग र फुटबल खेल्दाखेरि पेनाल्टी आउने ठाउँमा ड्रेन हुँदैन। म पनि पूर्व खेलाडी रहेको हुनाले मैले त्यो इन्जिनियरसँग discuss गरें, मैले भनें, तपाईंले यो के गर्दै हुनुहुन्छ? कम्तीमा चाहिँ कर्नर हान्दाखेरि त त्यहाँनिर ड्रेन भयो भने कर्नर हान्ने ठाउँ त रहँदैन नि भन्छ । उहाँले मान्नुभएन, त्यसकारणले अहिलेसम्म त्यसको कुनै भौतिक संरचना अगाडि बढेको छैन। त्यो जस्ताको त्यस्तै छ।

एक त सबै index म सुदूरपश्चिम प्रदेश पछाडि परेको छ। अहिले कर्णाली प्रदेशभन्दा अनि हामी के भन्छौं भनेपछि होइन हामीले राज्य निर्माण बजेट चाहिँ समानताका आधारमा वितरण गरेका छैनौं ।कहाँ गयौं? अब बन्ने प्याराफिट तपाईंको चाहिँ १० लाख, १५ लाख, २० लाखले बन्छ त, मेरो माननीय मन्त्रीज्यूहरूलाई अनुरोध हर्नुस् एकचोटि बनाउने, छोडिदिने। त्यो ground लाई चाहे त्यो क्रिकेट मैदान होस्, चाहे फुटबल मैदान होस्, चाहे भलिबलका लागि बनाउने कभर्ड हल होस्।सम्पन्न हुने गरी बजेट हालौं न।त्यसकारणले केही पनि सम्पन्न नगर्ने तपाईंको चाहिँ कुरा के हो भने पछि एउटा उखान छ "कम्मल ओढेर घिउ खाने" काम चाहिँ हुने। तर कुरा के हो भने विकासको चाहिँ पूर्ण रूपमा सम्पन्नता नहुने।

त्यसकारणले म के भन्न चाहन्छु भने आज हामी जे सुकै गरौं, उभिएर भाषण गर्ने कुरामा सुन्दरता होला, कुरा गर्ने सुन्दरता होला तर देश निर्माण गर्ने कुरामा हामी कतै सुन्दर छैनौं कि भन्ने लागिरहेको छ। कुरा आदर्शको गर्न सकिन्छ तर हामीले गरेको कुरा कार्यान्वयन हुन सकेन भने त्यो देशको हितमा हुन सक्दैन। त्यसकारणले मेरो विनम्रताका साथ अनुरोध के हो भने आज सुदूरपश्चिमको कभर्ड हल चाँडो भन्दा चाँडो निर्माण होस् र त्यसको सम्पन्न होस्। जस्तै भए पनि हिजो सही समयमा त्यसको चाहिँ सही प्रयोग भएन, आज जस्तै भए पनि त्यो कभर्ड हल अधुरो छ । आज ६८ सालमा भएको त्यो छैटौं राष्ट्रिय खेलकुदबाट एक इन्च पनि अगाडि बढाउन सकेका छैनौं। आज १२ वर्ष भइसक्यो, १२ हो कि तेह्रै वर्ष भइसक्यो।

त्यसकारणले मन्त्रीज्यूहरूमार्फत् यो सरकारको आँखा खुलोस्। कम्तीमा सुदूरपश्चिमको एउटा मात्रै सदरमुकाम जहाँ राजधनी छ। त्यसै कारणले खेलाडीको बारेमा असाध्यै मसिनो ढङ्गबाट सोचियोस् भन्ने कुरा राख्न चाहन्छु भने उसले आफ्ना जवानीका सुन्दर दिनहरू यो राष्ट्रका लागि खेलमा बिताउँछ तर तपाईंको retire life भइसके पछि न उसले जागिर पाउँछ, न राज्यले उसलाई हेर्छ र एक से एक म तपाईंलाई भने बैकुण्ठ मानन्धरकै कुरा गरौं न त। अनि हामीले यो राज्यमा युवा रहेनन्, आज युवाको स्रोत भनेकै खेलकुद हो। र त्यो यस्तो युवा हो जहाँ तपाईको ८/६ वर्ष देखि लिएर तेक्वान्दोदेखि लिएर अरू सबै कुरा practice गरेर चाहे त्यो जिम्न्याष्टिकको कुरा होला सबै कुरा होला अनि यिनीहरूको भविष्यको कुरा देशमा सुरक्षित छ भन्ने कुरा हामी दिन सकेनौं भने हामी दिन्छौं चाहिँ के?

त्यसकारणले खेलकुदलाई असाध्यै serious तरिकाले हेरियोस्। किनभने खेलकुदमा लागेका मान्छेहरू यो राष्ट्रकालागि खेलिसकेपछि सुरक्षित छन्, संरक्षित छन् र उनीहरूको औषधी उपचारदेखि लिएर अप्ठ्यारो पर्यो भने यो राज्य उहाँहरूको साथमा छ भन्ने कुरा चाहिँ कम्तिमा यो सरकारले त्यो आवाज दिलाओस् भन्ने यहाँहरूसँग विनम्रका साथ अनुरोध गर्दछु। साथै कुरा के हो भन्नुहुन्छ भने अहिले अब ठ्याक्कै तपाइको यहींनिर काठमाडौंको कुरा गरौं त, तपाईंको चाहिँ मूलपानी क्रिकेट ground यहीं नजिकै छ। अधुरै छ। अनि हामी त सम्पन्न हुने गरेर किन बजेट हाल्न सक्दैनौं अनि हामी राष्ट्रिय अन्तर्राष्ट्रिय level मा आज चाहे क्रिकेट होस्, आज क्रिकेटले international level मा चाहिँ तपाईंको नेपालको नाम उँचो गरेको छ। तर हाम्रो चाहिँ आवश्यक हामी international level को हामीसँग कहीं ground छैन एउटा कीर्तिपुर बाहेक। कहाँ छौं त हामी? हामी सोच्छौं कि हाम्रो चाहिँ सबै कुरा होस् । तर कुरा के हो भने गफले मात्रै हुँदैन भन्ने कुरा राख्दै यतातिर सबै सरकारको ध्यान जाओस् भन्ने दृढका साथ अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्दछु । धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य जग प्रसाद शर्मा। समय १० मिनेट।

(१५:५४ बजे)माननीय सदस्य जग प्रसाद शर्मा(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्षज्यू, माननीय मन्त्रीहरू, माननीय सदस्यहरू, हामी ०८१/८२ को विनियोजन विधेयकका विभिन्न शीर्षक अन्तर्गत आठवटा मन्त्रालयहरूको विनियोजन बजेट जो छ त्यसमा छलफल गरिराखेका छौं। हामीलाई थाहा छ चर्चा परिचर्चा बहस भइराखेको छ। यो सदनमा यो बहस हुन्छ। विभिन्न तर्क वितर्कहरू आउँछन्। तर यसमा सुधार पनि हुँदैन, परिवर्तन पनि हुँदैन।यो प्रतिनिधिसभाबाट पास भएर आई पनि सकेको छ। यसबाट स्वाभाविक हिसाबले पास भएर जान्छ भने यो छलफल, बहसको औचित्य के? भन्ने एउटा प्रश्न छ।

(१५:५५ बजे)पुनः पीठासीनः-सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल ।

मानननीय सदस्य जग प्रसाद शर्मा(नेपाल कम्युनिष्ट पार्टी ,माओवादी केन्द्र):-यसको उत्तर अर्थमन्त्रीले दिइसक्नुभएको छ अस्ति नै। यो अन्तर्राष्ट्रिय परम्परा पनि, कानुनी प्रावधान पनि एउटा पुरानो परम्पराका हिसाबले हामी यसरी नै यो गइराखेको छ भन्ने कुरा हामीलाई थाहा भएकै कुरा हो। तर पनि यो छलफल जो चलिराखेको छ, मलाई लाग्छ यसले दुईटा कुरा गर्छ। एउटा यसलाई कार्यान्वयन बनाउनका निम्ति उपयुक्त फिडब्याक दिन्छ, दोस्रो महत्त्वपूर्ण कुरा आगामी वर्ष बजेट विनियोजन गर्दा यसलाई परिमार्जन गरेर ल्याउने एउटा महत्त्वपूर्ण फिडब्याक यसले दिन्छ र हामीले त्यो गर्नुपर्छ। नत्र जनप्रतिनिधिहरूले, सांसदहरूले आएर बोल्ने त्यो बोलीको, तर्कको, बहसको कुनै औचित्य नहुने गर्न हुँदैन।तसर्थ यो बहस छलफलले एकातिर कार्यान्वयनलाई सहज बनाउने, कार्यान्वयनलाई सहज बनाएर अगाडि जाने र अर्कोतिर आगामी बजेट प्रस्तुत गर्दै गर्दा आगामी वर्षको बजेट ल्याउँदै गर्दा यसले गुणात्मक ढङ्गले विकास भएर आउनेछ, यो लिनेछ भन्ने म विश्वास व्यक्त गर्न चाहन्छु। आज यहाँ आठवटा मन्त्रालयहरूमा केन्द्रित एउटा बहस, एउटा छलफल जो चलिराखेको छ। मोटामोटी बजेट विनियोजन हेर्दाखेरि कुल बजेटको ४ खर्ब ६ करोड भन्दा बढी यो आठवटा मन्त्रालयमा परेको देखिन्छ। त्योमध्ये सबैभन्दा बढी बजेट विनियोजन भएको भौतिक पूर्वाधार मन्त्रालयमा एक खर्ब ५० अर्ब ५३ करोड, दोस्रो सहरी विकास मन्त्रालयमा ९२ अर्ब भन्दा माथि झण्डै ९३ अर्ब, सबभन्दा कम यसको देखिने महिला मन्त्रालयमा १ अर्ब ६० करोड देखिन्छ र त्यसै सँग जोडिएको ज्येष्ठ नागरिक भत्तासँग एक खर्ब १६ अर्ब त्यसैमा जोड्दाखेरि जस्तो यो आफैंमा टोटल, यो टोटल बजेटको १/४ अथवा २४% भन्दा बढी यो आठवटा मन्त्रालयमा विनियोजन भएको देखिन्छ सरसर्ती हेर्दा ।मुख्य सवाल, बजेट जे ढङ्गले विनियोजन भएको छ यहाँ छलफलको मुख्य कुरा यो कार्यान्वयन पूर्ववक्ता माननीयहरूले यहाँ राखिसक्नु भएको छ, हाम्रो यो बजेटबारे छलफल हुन्छ।कहिल्यै पनि त्यसको समीक्षा, कति कार्यान्वयन भयो भन्ने कुरा समीक्षा हुँदैन। यो पनि अब सुरुवात गर्नु पर्छ ।त्यसैले आगामी वर्ष जे विनियोजन भएको छ यो सबै बजेट कार्यान्वयन भएर जाँदा देश, राष्ट्र र जनताको जीवनस्तर अर्को ठाउँमा स्वाभाविक हिसाबले पुग्छ।त्यसैले कार्यान्वयन कति भयो भन्ने कुरामा समीक्षा गर्न जरुरी हुन्छ भन्ने लाग्छ।

मैले सर्सर्ती यहाँ पूर्ववक्ता माननीयहरूले राखेका कुराहरू जो छ। त्यसमा समर्थन जनाउँदै मुख्यतः संविधानको मर्म, जनताको अपेक्षा अनुसार हाम्रो यो बजेट विनियोजनमा छलफल अथवा बजेट विनियोजन एक ढङ्गले हुनुपर्ने तर हाम्रा परम्परा, हाम्रा कानुन, नियम, नियमावलीहरू जो छन्, त्यसले त्यो हाम्रा निम्ति बाधक बन्ने समस्या जो छ, यसको गाँठो फुकाउने पनि आखिरी यही थलो होला, यिनै जनप्रतिनिधिहरू होलान्। त्यसैले यो दिशातिर हाम्रो के सत्तापक्ष, के प्रतिपक्ष सबैको एउटा साझा धारणा र दृष्टिकोण निर्माण गरेर यो गाँठो फुकाउनुपर्ने एउटा आवश्यकता महसुस म आफूलाई भएको छ।

र खासगरी अर्को कुरा विकासको मोडेल बारे एउटा बहस गर्नुपर्ने आवश्यकता छ। किनकि नेपालमा विकासको मोडेलका कुरा गरिरहँदा हाम्रो साझा दृष्टिकोण छैन, यसलाई हामी राजनीतिक स्थायित्व अथवा राजनीतिक अस्थिरता पनि भनौंला। एउटा साझा दृष्टिकोण, साझा धारणा हामी बीचमा बनाउन जरुरी छ विकासका निम्ति, एउटा कुरा।

दोस्रो कुरा, कतिपय कानुनहरू हाम्रा विकासविरोधी छन्, नियमहरू, कानुनहरू विकास विरोधी छन्। त्यसलाई परिवर्तन गर्नका निम्ति सम्बन्धित मन्त्रालयहरूले के कति भूमिका खेले, मन्त्रीहरूले के, के कति चाहिँ पहलकदमी लिनुभयो र भूमिका खेल्नुभयो भन्ने कुरा एउटा चासो, जिज्ञासाका विषय यो उठाउन चाहन्छु म। र त्यसको साथसाथै हाम्रो संस्कार चेतना पनि विकासको बाधक हो।हाम्रो विकासको बाधक हो।

र त्यसको साथसाथै स्वाभाविक हिसाबले हाम्रा जस्तो विकासको मतलब इच्छा हुने, इच्छाशक्ति हाम्रो नहुने, यो समस्या पनि स्वाभाविक हिसाबले होला । त्यसैले विकासबारेको एउटा मोडेल अथवा भिजन त्यसप्रतिको इच्छाशक्ति अनि त्यही अनुरूपको त्यही मैत्री कानुन निर्माण, त्यो अनुसारको जस्तो संरचनाहरू निर्माण गरेर हामीले अगाडि बढाउन सक्छौं भन्ने लाग्छ। र त्यसको साथसाथै अहिलेको बजेट भनेको "उत्पादन वृद्धि, रोजगारी सृष्टि, आयातमा कमी, निर्यातमा वृद्धि" भन्ने एउटा मूल कार्यदिशा बोकेर आएको बजेट हो। यो अनुसार यी ८ ओटा मन्त्रालयहरूले यो बजेट विनियोजन गर्दा यो कार्यदिशालाई कति सही ढङ्गले आत्मसात् गरेका छन् भन्ने कुरा एउटा छलफल बहसको विषय बनाउनुपर्छ भन्ने मलाई लागिरहेको छ । खासगरी बजेट त भएको बजेटमा पर्याप्त रूपमा विनियोजन भएको छ, यसमा पुँजीगत खर्च कति प्रतिशत छुट्टिएको छ, अनि चालु खर्च कति प्रतिशत छुट्टिएको छ भन्ने हेर्दा त्यसलाई गहिरो गरी विश्लेषण गर्दा, केलाउँदा एउटा निराशा छ।

एउटा निराशाजनक स्थिति हुनसक्छ मुख्यत यसलाई यो निराशालाई चिरेर हामीले चालु खर्च क्रमशः कसरी घटाउने र पुँजीगत खर्च कसरी बढाउने, त्यसले नै रोजगारी सृष्टि गर्ने कुरा, उत्पादन वृद्धि गर्ने कुरा, आयातलाई मतलब जस्तो कम गर्ने कुरा र निर्यातलाई वृद्धि गर्ने कुरा त्योसँग सम्बन्धित हुन्छ भन्ने कुरा मलाई लाग्छ।

म सर्सर्ती यो  मन्त्रालयहरूसँग सम्बन्धित मन्त्री अथवा मन्त्रालयहरूसँग सम्बन्धित म केही जिज्ञासाहरू राख्न चाहन्छु। जो मन्त्रीहरूले यहाँ मतलब जस्तो उत्तर दिनुहोला, प्रतिबद्धता जनाउनुहोला अथवा आफ्नो सोच धारणा यो मन्त्रालयलाई कसरी लैजाने सोच्नुभएको छ, त्यो कुरा म यहाँ राख्न चाहन्छु।पहिलो कुरा महिला, बालबालिका मन्त्रालय जो छ यसमा ज्येष्ठ नागरिक भनेर ठुलो राज्यको झन्डै मतलब एक खर्ब, डेढ खर्बभन्दा बढी जस्तो बजेट विनियोजन हुन्छ, जो हुन्छ, जो जान्छ, यो अलि उत्पादनसँग कति जोडिन्छ। एउटा कुरा ।

दोस्रो कुरा यो न्यायिक कति छ? अलिकति राज्य भनेको नसक्नेलाई, नहुनेलाई मतलब जस्तो सम्मान गर्ने र दिने हो। हुनेबाट र सक्नेबाट राज्यले लिने हो, हुने र सक्नेहरूले राज्यलाई योगदान गर्ने हो।जसले सक्दैनन्, जोसँग छैन जसले सक्दैनन्, तिनीहरूलाई जस्तो राज्यले न्याय गर्ने अवधारणाको विकास गरेर मात्र जस्तो यो न्यायसङ्गत हुन्छ भन्ने लाग्छ एउटा कुरा।

दोस्रो कुरा, यो  मतलब अपाङ्ग, घाइते, अपाङ्ग पनि यो सेक्टरसँग जोडिन्छ । स्वाभाविक हिसाबले त्यसैले यसलाई मतलब जस्तो कसरी जस्तो जोडेको छ भन्ने कुरा पनि म राख्न चाहन्छु। युवा तथा खेलकुद मन्त्रालयमा खेलप्रेमी अथवा खेल क्षेत्रलाई विकासका निम्ति अलिकति ठोस योजना कसरी सोचिरहेको छ पहिलेको भन्दा र त्यसको साथसाथै संघीय मामिला जो छ, यो कर्मचारीहरूको रुपान्तरण bureaucracy को कोही व्यक्ति विशेषको एउटा कर्मचारीको कुरा मैले गरेको होइन। bureaucracy को रुपान्तरणको ठोस योजना कसरी सोचेको छ।

उद्योगमा खासगरी अहिले दुईटा महत्त्वपूर्ण एउटा स्टार्टअप र एउटा गरिबी न्यूनीकरणमा झण्डै एकएक अर्ब सबभन्दा ठुलो रकम अहिले त्यहाँ छुट्टिएको छ । यसलाई कार्यान्वयन गर्ने योजना के छ र यो वन वातावरणभित्र चाहिँ एउटा महत्त्वपूर्ण कुरा उत्पादनको साधन अथवा हामीले आर्थिक वृद्धि गर्ने कुरा सुकेको काठलाई सदुपयोग गर्न हाम्रो कानुन बाधक छ। यो मन्त्रालयले अथवा यो मन्त्रालय सम्हालिरहेका मन्त्रीले त्यो ढङ्गको कानुन निर्माणको निम्ति के कस्तो सोचिराख्नु भएको छ। र त्यो कति अगाडि बढेको छ। गाउँ र सहरको भेद मेट्नलाई जन्मिएको सहरी विकास मन्त्रालय, गाउँ र यो अहिलेको योजना अथवा विनियोजनले गाउँ र सहरको भेदलाई मेट्ने र टोटल देशलाई सहरीकरण गर्नेतिर छ कि झन् गाउँ र सहरको भेदलाई झन् एउटा फराकिलो बनाउने झन् ठुलो बनाउनेतिर छ, यो  बारेमा जस्तो जिज्ञासा राख्न चाहन्छु। भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत जस्तो अलि दिगो रणनीतिक हिसाबले सोच्ने थुप्रै question हरू, सवालहरू भौतिक मन्त्री, मन्त्रालयसँग जोडिएर उठेका छन्। आफ्ना बाध्यता, सीमा होलान्, त्यसैले थोरै यो मन्त्रालयको बजेट विनियोजन हेर्दाखेरि अलि असमान जस्तो असन्तुलित जस्तो, जो देखा पर्न गएको छ।यो भित्रका बाध्यता र सीमा के हुन् मन्त्रीको

जवाफपछि जस्तो हामी स्पष्ट हौंला। समग्रमा यो आठवटा मन्त्रालयमा जुन ढङ्गको बजेट विनियोजन भएको छ, मुख्य कुरा यो त भइ नै हाल्यो। कार्यान्वयन गर्ने कुरा महत्त्वपूर्ण र मुख्य कुरा हो । यही कुरा राख्दै विदा हुन्छु। धन्यवाद।

(१६:०४ बजे)<u>सम्माननीय अध्यक्षः-</u>माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ अन्तर्गत आज छलफलका लागि निर्धारित वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सहरी विकास मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धि विनियोजन शिर्षकमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ अन्तर्गत मिति २०८१ असार १८ गते बस्ने बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफल हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठलाई "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:०६ बजे)<u>माननीय शिक्षा विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठः-</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

(१६:०६ बजे)<u>सम्माननीय अध्यक्षः-</u> माननीय सदस्यहरू, अब म "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ "नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक, २०८१ लाई दफाबार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार १८ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार १८ गते मङ्गलबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १६:०७ बजे।**